चेलापन पाठ ४४

१	**प्रार्थना**

समूहको अगुवा - परमेश्वरको उपस्थितिप्रति सचेत हुन र उहाँको आवाज सुन्न उहाँको आत्माद्वारा परमेश्वरको अगुवाइ माग्नको लागि प्रार्थना गर्नुहोस्। चेलालाहरू बनाउने बारेको यो पाठलाई प्रभुमा समर्पण गर्नुहोस्।

२	**सिकेको कुरा बाँड्नु** (२० मिनेट)	**[शान्त समय]** **एस्तर ६,७,८ र ९**

तपाईंलाई तोकिएको बाइबल खण्ड (एस्तर ६, ७, ८ र ९) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा सिक्नुभएको कुराहरूमध्ये एउटा कुरा पालैपालो छोटकरी बाँड्नुहोस् (अथवा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा लेख्नुभएको नोटबुकबाट पढ्नुहोस्)। सिकेको कुरा बाँड्ने व्यक्तिले बोलेको सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस् तर उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

३	**बाइबल पद कण्ठ** (२० मिनेट)	**[चेलापन]** **(४) २ कोरिन्थी ९:६-७**

क. मनन

२ कोरिन्थी ९:६-१५ पढ्नुहोस्। "तर कुरा यही हो, कि थोरै छर्नेले थोरै नै कटनी गर्छ, र प्रशस्तसँग छर्नेले प्रशस्तसँग कटनी गर्छ। अनि हरेक मानिसले आफ्नो मनमा सङ्कल्प गरेबमोजिम देओस्, इच्छा नभई होइन, न त करकापमा परेर। किनभने खुशीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ। परमेश्वरले तिमीहरूलाई हरेक आशिष् प्रशस्त मात्रामा दिन सक्नुहुन्छ, ताकि तिमीहरूसित सधैँ नै हरेक कुरा प्रशस्त होस्, र हरेक असल कामको निम्ति तिमीहरूले प्रशस्त मात्रामा दिन सक। यसरी लेखिएको छ, "उसले छर्छ, र गरीबहरूलाई दिन्छ, उसको धार्मिकता सदासर्वदै रहिरहन्छ।" छर्नेलाई बीउ र खानलाई भोजन दिनुहुनेले तिमीहरूलाई बीउ दिनुहुनेछ, र त्यसमा वृद्धि गराउनुहुनेछ, अनि तिमीहरूका धार्मिकताको फसल बढ़ाउनुहुनेछ। तिमीहरूको ठूलो उदारताको निम्ति हरेक कुरामा तिमीहरू धनी तुल्याइनेछौ, जुन उदारताले हामीद्वारा परमेश्वरमा चढ़ाउने धन्यवाद उत्पन्न गराउनेछ। यस सेवाको कामले सन्तहरूको अभाव पूरा हुन्छ। त्यति मात्र होइन, परमेश्वरप्रति धेरै धन्यवादका भावना उर्लेर आउँछन्। सेवाको यस जाँचअन्तर्गत तिमीहरूले ख्रीष्टको सुसमाचार स्वीकार गर्ने आफ्नो भावना आज्ञाकारिताद्वारा तथा तिनीहरू र अरू सबैका निम्ति तिमीहरूले उदार-चित्तले दिएको भेटीद्वारा परमेश्वरको महिमा हुनेछ। परमेश्वरको असीम अनुग्रह तिमीहरूमा रहेको हुनाले तिनीहरूले तिमीहरूको तृष्णा गर्छन्, र तिमीहरूका निम्ति प्रार्थना गर्छन्। उहाँको वर्णन गर्न नसक्ने वरदानको निम्ति परमेश्वरलाई धन्यवाद होस्। "

(४)

कण्ठ गर्नुपर्ने बाइबल पदलाई सेतोपाटी अथवा कालोपाटीमा यसरी लेख्नुहोस्:

दिनु २ कोरिन्थी ९:६-७
तर कुरा यही हो, कि थोरै छर्नेले थोरै नै कटनी गर्छ, र प्रशस्तसँग छर्नेले प्रशस्तसँग कटनी गर्छ। अनि हरेक मानिसले आफ्नो मनमा सङ्कल्प गरेबमोजिम देओस्, इच्छा नभई होइन, न त करकापमा परेर। किनभने खुशीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ। २ कोरिन्थी ९:६-७

यो बाइबल पदलाई तपाईंको कार्डको छाडिपट्टि लेख्नुहोस्।

१. दिनुबारे नयाँ करारको सिद्धान्तहरू

दिनुको सम्बन्धमा नयाँ करारको सिद्धान्तहरू २ कोरिन्थी ८ र ९ अध्याय अनि १ कोरिन्थी १६:२ मा उल्लेख गरिएका छन्। तिनीहरू के-के हुन् भनी हामी एक-एक गरी पत्ता लगाऔँ।

(१) पहिलो सिद्धान्त : इसाईले दिनु भनेको तपाईंले प्राप्त गरेको कुरा दिनु हो।

२ कोरिन्थी ९:१० ले भन्दछ, "छर्नेलाई (किसानलाई) बीउ र खानलाई भोजन दिनुहुनेले तिमीहरूलाई बीउ दिनुहुनेछ, र त्यसमा वृद्धि गराउनुहुनेछ, अनि तिमीहरूका धार्मिकताको फसल बढ़ाउनुहुनेछ।" आफूसँग भएको कुरा मात्र इसाईले दिन सक्छ अनि उसँग भएको कुराचाहिँ उसले पहिले प्राप्त गरेको कुरा हो। बीउ प्रवन्ध गरिदिने परमेश्वर हुनुहुन्छ, इसाईले त्यसैलाई रोप्दछ! १ कोरिन्थी ४:७ ले भन्दछ, "अरूहरूभन्दा तिमीहरू कुन कुरामा फरक छौ? तिमीहरूसित के छ, जो तिमीहरूले पाएका होइनौ? अनि तिमीहरूले त्यो पाएका छौ भने त्योचाहिँ वरदान होइनजस्तै गरी किन तिमीहरू घमण्डले फुल्दछौ?" त्यसकारण, इसाईहरूले दिने कुरा परमेश्वरको अनुग्रहको नतिजा यो, यो इसाईको उदारताको नतिजा होइन। परमेश्वरले इसाईलाई रोप्नको निम्ति बीउ मात्र दिनुहुन्न, तर उहाँसँग इसाईको बीउ राख्ने भण्डार ठूलो बनाउने र उसको धार्मिकताको कटनीलाई बढाउने क्षमता पनि छ।

(२) दोस्रो सिद्धान्त : इसाईले दिने कुरा सक्रियरूपमा बीउ रोप्नु (छर्नु) हो।

२ कोरिन्थी ९:६ ले भन्दछ, "तर कुरा यही हो, कि थोरै छर्नेले थोरै नै कटनी गर्छ, र प्रशस्तसँग छर्नेले प्रशस्तसँग कटनी गर्छ।" इसाईले दिने भनेको जथाभावी फाल्नु होइन। इसाईले दिएको कुरा हराउँदैन, तर त्यो वृद्धि हुँदै जान्छ! इसाईले दिनु भनेको बीउ रोप्नुजस्तै हो। बाहिरबाट हेर्दा, किसानको बीउ अति सानो र महत्वहीन देखिन्छ, तर भित्रपट्टि त्योसँग भयानक क्षमता हुन्छ। देखिने सबै कुराहरूको बिपरीत, बीउमा जीवन, विकास र वृद्धिको क्षमता हुन्छ। तर त्यो बीउलाई बढाएर फल फलाउने तुल्याउनको निम्ति किसानले पहिले त्यो बीउलाई माटोमा छर्नुपर्छ। कटनीको अपेक्षा गर्नुभन्दा पहिले उसले उक्त बीउलाई त्याग्नुपर्छ! उक्त बीउबाट फल फलाउने रूख बढेझैँ गरी, जहाँ धेरै नयाँ बीउहरू हुन्छन्, इसाईहरूले दिएको कुराहरू पनि धेरै गुणा वृद्धि हुनसक्छ!

(३) तेस्रो सिद्धान्त : इसाईले दिनु भनेको मानिसले जे रोप्छ, त्यही कटनी गर्नु हो।

गलाती ६:७ ले भन्दछ, "मानिसले जे रोप्छ, त्यसैको कटनी गर्छ।" जुन ढङ्गमा इसाईले रोप्छ, त्यसैअनुसार उसले कटनी गर्नेछ। आफूले जे रोपेको छ, त्यही अनुपातमा इसाईले कटनी गर्नेछ। यो कृषिसम्बन्धी संसारको नियम हो, तर यो नियम नैतिक र आत्मिक संसारमा पनि त्यसरी नै लागु हुन्छ। जसले थोरै रोप्छ, त्यसले थोरै कटनी गर्छ अनि जसले प्रशस्तसँग छर्छ, त्यसले प्रशस्त कटनी गर्नेछ।

यो सिद्धान्त पहिले नै पुरानो करारको समयमा मान्य थियो। हितोपदेश ११:२४-२५ मा लेखिएको छ, "कोही मानिसले उदार हातले दिन्छ र अझ बढ़ी पाउँछ, अर्कोले दिन सक्ने पनि दिँदैन, र दरिद्रतामा पर्छ। उदार मानिसको फलिफाप हुन्छ, अरूलाई उत्साह दिने व्यक्तिले आफू पनि नयाँ उत्साह प्राप्त गर्नेछ।" हितोपदेश १९:१७ मा लेखिएको छ, "गरीबप्रति दयालु हुनु परमप्रभुलाई सापट दिनु हो, र त्यसले जे गरेको छ, त्यसको इनाम उहाँले त्यसलाई दिनुहुनेछ।"

कुनै व्यक्तिलाई 'एक कचौरा चिसो पानी' दिनेले पनि उसको इनाम गुमाउनेछैन भनी येशू सिकाउनुभयो (मत्ती १०:४२)। भोकाएकोलाई खान दिनु, तिर्खाएकोलाई पिउन दिनु, परदेशीलाई बास दिनु, नाङ्गोलाई कपडा दिनु, रोगी र कैदीलाई ध्यान दिनु भनेको स्वयम् येशू ख्रीष्टलाई दिनु हो भनी उहाँले भन्नुभयो (मत्ती २५:३५-४०)। त्यसकारण, इसाईहरूले उदारतासाथ छर्नुपर्छ! अनि तिनीहरूले उदारतासाथ कटनी गर्नेछन्!

(४) चौथो सिद्धान्त : इसाईले दिएको कुराको साँचो नाप उपहारको आकार होइन, तर उसको हृदयको मनोवृत्ति हो।

२ कोरिन्थी ९:७ ले भन्दछ, "अनि हरेक मानिसले आफ्नो मनमा सङ्कल्प गरेबमोजिम देओस्, इच्छा नभई होइन, न त करकापमा परेर। किनभने खुशीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ।"

पुरानो करारमा दिने कुरा स्वतन्त्र थिएन, तर व्यवस्थाद्वारा तोकिएको थियो (इस्राएल राष्ट्रको औपचारिक व्यवस्था, मलाकी ३:६-१२)। इस्राएलले एउटा दशांश होइन, तीक किसिमका दशांशहरू दिनुपर्थ्यो (लवी २७:३०-३३; व्यवस्था १२:४-७,१७-१९; व्यवस्था १४:२२-२९)। मन्दिरको व्यवस्था गर्न र त्यहाँ सेवा गर्नेहरूको निम्ति इस्राएलले तीन वटा दशांशहरू दिनुपर्थ्यो (चेलापन निर्देशिका ४, परिशिष्ठ १६ मा भएको लेख हेर्नुहोस् - दिनु - पुरानो करारमा दशांश दिने व्यवस्था)।

तर आफ्नो पहिलो आगमनमा येशू ख्रीष्टले व्यवस्था पूरा गर्नुभयो (मत्ती ५:१७)। उहाँले परमेश्वरको धार्मिक माग भएको तमसुक र कानुनी दाबीहरूलाई क्रूसमा किला ठोकेर रद्द गरिदिनुभयो (कलस्सी २:१४) अनि औपचारिक व्यवस्थालाई त्यसको आज्ञाहरू र रीतिरिवाजहरूसहित (दशांशको नियम) खारेज गरिदिनुभयो (एफिसी २:१४-१५)। तसर्थ, औपचारिक व्यवस्थाको नियमहरू (दशांश दिन नियम) इसाई मण्डलीमा फेरि लागु गर्नुपर्ने देखिँदैन!

तैपनि, केही मण्डली सम्प्रदायहरूमा दशांश दिनुपर्ने पुरानो करारको औपचारिक नियमलाई मण्डली प्रशासन अथवा पास्टरले बनाएको नियमद्वारा अवैधानिकरूपमा अनिवार्य तुल्याइएको छ। त्यस्ता नियम भएका मण्डलीका इसाईहरूले प्राय: अनइच्छुक र आनन्दबिना नै दिने गर्छन्। त्यस्ता इसाईहरू मण्डली र ख्रीष्टको विरोधी (विपक्षी) हुन सक्छन्।

नयाँ करारको समयमा दिने काम स्वेच्छाले र खुसीसाथ हुनुपर्छ। प्रत्येक इसाईले आफ्नो हृदयमा कति दिने, कसरी नियमित दिने, कसलाई दिने र के दिने भनी निर्णय गर्नुपर्छ! त्यसरी राजीखुसी साथ दिएको कुरा दशांशभन्दा निकै बढी पनि हुनसक्छ (लूका २१:१-४)! दिने मानिसलाई कुनै परिमाण र प्रतिशत लाद्नुहुँदैन। अगुवाहरू अथवा सदस्यहरूले अरू सदस्यहरूलाई तिनीहरूका कमाइबाट दश भागको एक भाग मण्डलीमा ल्याउनैपर्छ भनी माग गर्नु हुँदैन! येशूले भन्नुभयो, "देओ, र तिमीहरूलाई पनि दिइनेछ। मानिसहरूले प्रशस्त परिमाणमा खाँदीखाँदी बेसरी हल्लाएर, पोखिने गरी तिमीहरूको पोल्टामा राखिदिनेछन्। किनकि जुन नापले तिमीहरू दिन्छौ, त्यही नापमा तिमीहरूले पनि फिर्ता पाउनेछौ" (लूका ६:३८)।

(५) पाँचौँ सिद्धान्त : इसाईहरूको दिने काम नियमित र व्यवस्थित ढङ्गमा हुनुपर्छ।

१ कोरिन्थी १६:२ ले भन्दछ, "प्रत्येक हप्ताको पहिलो दिन तिमीहरू हरेकले आ-आफ्नो कमाइअनुसार केही धन छुट्ट्याएर जम्मा गर्दै राख्नू, ताकि म आउँदा भेटी संग्रह गर्नु नपरोस्।" पावलले कोरिन्थका मण्डलीको सदस्यहरूलाई हप्ताको पहिलो दिन आफ्नो कमाइबाट केही रकम नियमित अनि व्यवस्थित ढङ्गमा छुट्ट्याएर जम्मा गरिराख्नू भनी आग्रह गरे। यसको सन्दर्भ आराधना सेवाको समयमा जम्मा गर्ने भनेको होइन, तर त्यो त हरेक इसाईको व्यक्तिगत जिम्मेवारी हो। पावलले ती इसाईहरूमाथि भरोसा गरे र तिनीहरूलाई मण्डलीको जिम्मेवार सदस्यहरूको रूपमा व्यवहार गरे। प्रत्येक इसाईले आफ्नो कमाइबाट परमेश्वरको कामको निम्ति कति अलग गर्ने हो, आफैले निर्णय गर्थे। ती रकमहरू जम्मा गरेर जसलाई जुनबेला खाँचो परेको छ, तिनीहरूलाई नै दिइन्थ्यो।

२. दिनुको आशिष्हरू के-के हुन्?

(१) इसाईको दिने कामद्वारा आफ्नो खाँचो पूरा गर्न उसँग पर्याप्त छ भन्ने बुखिन्छ।

२ कोरिन्थी ९:८ ले भन्दछ, "परमेश्वरले तिमीहरूलाई हरेक आशिष् प्रशस्त मात्रामा दिन सक्नुहुन्छ, ताकि तिमीहरूसित सधैँ नै हरेक कुरा प्रशस्त होस्।" संसारका मानिसहरूको नजरमा परमेश्वरको कामको निम्ति रुपैयाँ-पैसा दिनु भनेको मूर्खता र गलत लगानी देखिन्छ। तर इसाईले दिएको अथवा आफूसँग राखेको थोरै कुराहरूलाई वृद्धि गराउने क्षमता परमेश्वरसँग छ भन्ने रहस्य संसारका मानिसहरूलाई थाहा हुँदैन। परमेश्वरको अनुग्रहले घटाउने होइन बढाउनेतिर डोऱ्याउँछ। इसाईहरूले धेरै नै दिन्छन् भने पनि यो सिद्धान्त त्यहाँ लागु हुन्छ। इसाईले परमेश्वरको कामको लागि आफूसँग भएको प्रशस्त रुपैयाँ-पैसा, समय र शक्ति दिए तापनि पनि आफ्नो जीविकाको निम्ति पर्याप्त बाँकी रहेको कुरा पत्ता लगाउनेछ।

(२) इसाईको दिने कामले हरेक असल काममा उसलाई प्रशस्त तुल्याउँछ।

२ कोरिन्थी ९:८ ले यसो पनि भन्दछ, "परमेश्वरले तिमीहरूलाई हरेक आशिष् प्रशस्त मात्रामा दिन सक्नुहुन्छ, ... र हरेक असल कामको निम्ति तिमीहरूले प्रशस्त मात्रामा दिन सक।" दिने इसाईले यो रहस्य पत्ता लगाउँछ, कि असल कामहरूका निम्ति परमेश्वरले उसलाई धनी तुल्याउनुहुन्छ। २ कोरन्थी ९:९ ले भन्दछ, "उसले छर्छ, र गरीबहरूलाई दिन्छ, उसको धार्मिकता सदासर्वदै रहिरहन्छ।" गरिबलाई उपहारहरू दिने व्यक्ति धर्मी ठहर्छ भनी बाइबले सुझाब दिँदैन। येशू ख्रीष्टमा राखिएको विश्वासद्वारा मात्र मानिस धर्मी ठहरिन्छ। तैपनि, दिने इसाईलाई परमेश्वरले धार्मिकतामा उसलाई धनी तुल्याउनुहुन्छ, जसको मतलब ऊ असक कामहरूमा धनी हुन्छ भनेको हो!

(३) दिने कामले इसाईलाई उदार बनाउँछ।

२ कोरिन्थी ९:११ ले भन्दछ, "तिमीहरूको ठूलो उदारताको निम्ति हरेक कुरामा तिमीहरू धनी तुल्याइनेछौ।" केही मानिसहरूले पावलले यहाँ 'समृद्धिको सुसमाचार' प्रचार गरिरहेका छन् भनी विचार गर्दछन्। यसको मतलब कुनै इसाईले आफ्नो मण्डलीद्वारा परमेश्वरलाई रुपैयाँ-पैसा दिन्छ भने, उसले परमेश्वरबाट अझ धेरै रुपैयाँ-पैसा प्राप्त गर्छ भन्ने शिक्षा हो! तर ८-१० पदको सन्दर्भले भौतिक र आर्थिक धनभन्दा आत्मिक र आन्तरिक धनलाई सङ्केत गर्दछ। तसर्थ, इसाईले रुपैयाँ-पैसा, समय र शक्तिजस्ता कुराहरू दिँदा, उसले भौतिकरूपमा धनी हुनेछ भन्ने परिभाषा बनाउँदैन। उसँग सधैँ आफ्नो

भौतिक खाँचोहरू पूरा गर्ने थोकहरू पर्याप्त हुन्छ (मत्ती ६:२५-३४ हेर्नुहोस्)। तर जुन इसाईले दिँदछ, ऊ जिउँदछ! ऊ उदार हुँदछ! उसले परमेश्वर र परमेश्वरको राज्यको निम्ती अझ बढी आफैलाई, आफ्नो समयलाई, आफ्नो शक्तिलाई, आफ्नो टोडा (सीप र वरदानलाई) र आफूसँग भएका भौतिक सम्पत्ति दिन सिक्दछ। उसले निरन्तर दिन्छ, किनभने उसले आफ्नो जीवनमा परमेश्वरको प्रशस्त अनुग्रह अनुभव गर्न चाहन्छ।

(४) इसाईको दिने कामले अरू मानिसहरूलाई परमेश्वरलाई प्रशंसा र धन्यवाद दिन अनि दिने व्यक्तिको लागि प्रार्थना गर्न लगाउँछ।

वरदानहरू प्राप्त गर्ने मानिसहरूले परमेश्वरको प्रशंसा र धन्यवाद गर्छन् भनी २ कोरिन्थी ९:११-१४ ले भन्दछ। तिनीहरूले दिने मानिसहरूका लागि प्रार्थना पनि गर्छन्। १ कोरिन्थी १२:२४-२६ मा लेखिएको छ, "परमेश्वरले हाम्रो शरीरलाई यसरी मिलाउनुभएको छ ... ताकि शरीरमा बेमेल नहोस्, तर अङ्गहरू एउटाले अर्काको निम्ति समान वास्ता राखून्। यदि एउटा अङ्गलाई कष्ट भयो भने सबै अङ्गहरूले सँगै कष्ट भोग्छन्।" संसारको कुनै भागमा भएको ख्रीष्टको मण्डलीमा जे हुन्छ, त्यसले संसारको सम्पूर्ण मण्डलीलाई असर पार्दछ; जस्तै: बाडी-पैह्रो, खडेरी, अनिकाल, बिपत्ति, अत्याचार, सतावट आदि। कुनै स्थानीय मण्डलीको इसाईहरूसँग ख्रीष्टको सम्पूर्ण शरीर हुँदैन! संसारको सबै मण्डलीहरका सबै इसाईहरू मिलेर ख्रीष्टको एउटा पूर्ण शरीर बन्दछ (यूहन्ना १०:१६)! त्यही कारणले गर्दा, हरेक स्थानीय मण्डली संसारको अरू भागहरूको दाजुभाइ दिदीबहिनीहरूलाई जे भइरहेको छ, त्यसमा भागिदान हुनुपर्दछ। त्यही कारणले गर्दा उहाँमाथि विश्वास गर्ने सबै मानिसहरू एक होऊन् भनी येशू ख्रीष्टले प्रार्थना गर्नुहुन्छ, ताकि येशू ख्रीष्टलाई परमेश्वरले नै पठाउनुभएको हो भनी संसारले विश्वास गर्न सकून् (यूहन्ना १७:२०-२१)।

(५) इसाईले दिनुले वर्णन गर्न नसकिने परमेश्वरको वरदानको महान् कृतज्ञतातिर डोऱ्याउँछ।

२ कोरिन्थी ९:१५ ले भन्दछ, "उहाँको वर्णन गर्न नसक्ने वरदानको निम्ति परमेश्वरलाई धन्यवाद होस्!" परमेश्वरले आफ्ना एकमात्र पुत्र येशू ख्रीष्टलाई पापहरूको प्रायश्चित गर्ने बलिदनको रूपमा दिनुभएको छ। ख्रीष्टसँगै, परमेश्वरले हरेक थोक दिनुभयो (रोमी ८:३२)! परमेश्वरले दिनुहुने कुरा इसाईहरूको सबै दिने कामभन्दा श्रेष्ठ छ।

- परमेश्वरले 'केही कुरा' दिनुभएन, तर ख्रीष्टमा स्वयम् आफूलाई दिनुभयो!
- परमेश्वरले येशू ख्रीष्टको सिद्ध धार्मिकताभन्दा कुनै कम्ती थोक हामीलाई दिनुभएन (२ कोरिन्थी ५:२१)!
- परमेश्वरले हामीलाई उहाँको पवित्र आत्मा दिनुभयो (रोमी ८:९-१०)!
- येशू ख्रीष्टसँगै परमेश्वरले हामीलाई स्वर्गको सबै आशिष्हरू दिनुभयो (एफिसी १:३)।
- परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभयो, जसको मतलब हामीले उहाँलाई व्यक्तिगतरूपमा जान्नसक्छौँ र पूर्ण सिद्धतामा हामी उहाँसँग सदासर्वदा बस्नसक्छौँ!

त्यही कारणले गर्दा, इसाईले परमेश्वरको बरदानलाई वर्णन गर्न सक्दैन! तर उसले परमेश्वरको बरदानलाई जीवन परिवर्तन गर्ने महिमित वास्तविकताको रूपमा अनुभव गर्न सक्छ! इसाईले आफ्नो कर्तव्य पूरा गर्नको निम्ति दिँदैन, तर ख्रीष्टमा परमेश्वरको वर्णन गर्न नसकिने बरदानको लागि कृतज्ञ भएकोले दिन्छ। परमेश्वरले दिनुहुने कुराले नै सबै इसाईहरूले दिने गर्छन्!

३. इसाईहरूले कसलाई दिनुपर्दछ?

(१) आफूलाई खुवाउने इसाईहरूलाई दिनुहोस्।

१ कोरिन्थी ९:७-१४ र गलाती ६:६ अनुसार, आफूलाई सुसमाचार प्रचार गर्ने र बाइबल सिकाउने व्यक्तिहरूलाई इसाईहरूले सहायता दिनुपर्छ। यद्यपि त्यस्ता व्यक्तिहरू आफ्नो मण्डलीको नभए तापनि उहाँहरूलाई दिनुपर्दछ।

(२) आफूलाई अगुवाइ गर्ने इसाईहरूलाई दिनुहोस्।

१ तिमोथी ५:१७-१८ अनुसार इसाईहरूले आफ्नो मण्डलीमा राम्रोसँग काम गर्ने एल्डरहरूलाई सहायता दिनुपर्दछ। मण्डलीका एल्डरहरूले (गोठालोहरू, देखरेख गर्नेहरू र शिक्षहरूले) सहायता मागेनन् भन्दैमा उक्त मण्डलीका सदस्यहरूले उहाँहरूलाई सहायता गर्ने काममा बेवास्ता गर्नुहुँदैन। सहायता गर्नेहरू र उक्त सहायता पाउनेहरू- दुवै पक्षले परमेश्वरमा भरोसा राखी उहाँप्रति आज्ञाकारी हुनैपर्छ। आफ्नो काम राम्रोसँग नगर्ने अगुवाहरूलाई सहायता गर्नु आवश्यक छैन।

(३) अरू ठाउँहरूमा गई परमेश्वरको काम गर्ने इसाईहरूलाई दिनुहोस्।

फिलिप्पी ४:१४-१८ र ३ यूहन्ना ५-८ अनुसार, इसाईहरूले मिसेनरीहरू र विभिन्न स्थानहरूमा जाने प्रचारकहरूलाई सहायता दिनुपर्दछ। त्यस्ता व्यक्तिहरू आफ्नो मण्डलीको नभए तापनि तिनीहरूलाई सहायता गर्नुपर्दछ।

(४) खाँचो परेका इसाईहरूलाई दिनुहोस्।

याकूब २:१५-१७, १ यूहन्ना ३:१७-१८ र २ कोरिन्थी ८:७-१५ अनुसार इसाईहरूले विधवाहरू, अनाथहरू, अपाङ्गहरू, गरिबहरू र सङ्घर्ष गर्नेजस्ता खाँचोमा परेका व्यक्तिहरूलाई सहायता दिनुपर्दछ। संसार अरू भागहरूमा भएका खाँचोमा परेका मण्डलीहरूलाई पनि तिनीहरूले सहायता दिनुपर्दछ।

(५) साधारणरूपमा खाँचोमा परेका मानिसहरूलाई दिनुहोस्।

हितोपदेश १९:१७; २१:१३ र मत्ती ६:१-४ अनुसार इसाईहरूले संसारका खाँचोमा परेका गैर-इसाईहरूलाई पनि सहायता दिनुपर्दछ। "गरिबलाई दया देखाउनेले प्ररमप्रभुलाई सापटी दिन्छ।"

४. इसाईहरूले कति दिनु पर्दछ?

(१) आफ्नो आम्दानीको अनुपातमा दिनुहोस्।

२ कोरिन्थी ८:१२ मा हामी पढ्छौँ, "किनभने दिने तत्परता छ भने मानिससित भए अनुसारको दान नै ग्रहणयोग्य हुन्छ, नभएअनुसारको होइन।" इसाईहरूले आफूसँग कति छ, सोअनुसार अनि आफ्नो क्षमताअनुसार दिनुपर्दछ (२ कोरिन्थी ८:१२)। यसर्थ गरिबले भन्दा धनीले बढी दिन सक्छ।

(२) आफ्नो निर्णयअनुसार उदारचित्तले दिनुहोस्।

२ कोरिन्थी ९:६७ मा यसो भनिएको छ, "तर कुरा यही हो, कि थोरै छर्नेले थोरै नै कटनी गर्छ, र प्रशस्तसँग छर्नेले प्रशस्तसँग कटनी गर्छ। अनि हरेक मानिसले आफ्नो मनमा सङ्कल्प गरेबमोजिम देओस्, इच्छा नभई होइन, न त करकापमा परेर। किनभने खुशीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ।" दिनुभन्दा पहिले नै इसाईहरूले कसलाई दिने, कति दिने, कुन तरिकाले नियमित दिने र कति लामो समयसम्म दिने भनी आफ्नो हृदयमा र परमेश्वरसँग स्पष्टसँग निर्णय गर्नुपर्दछ। दिने रकमचाहिँ प्रत्येक इसाई र परमेश्वरबीचको व्यक्तिगत कुरा हो। कसैलेले पनि इसाईहरूलाई कुनै विशेष मण्डली अथवा संस्थामा दिनुपर्छ र यति रकम दिनुपर्छ भनी जबरजस्ती गर्नुहुँदैन। जेजस्तो भए तापनि उदारतासाथ र बलिदानपूर्ण भावनाले दिनुपर्छ भनी नयाँ करारले इसाईहरूलाई उत्साह दिन्छ!

ख. बाइबल पद कण्ठ र पुनरावलोकन

१. **लेख्नुहोस् -** बाइबल पदलाई खाली कार्डमा अथवा तपाईंको नोटबुकको एउटा पानामा लेख्नुहोस्।
२. **कण्ठ गर्नुहोस् -** उक्त बाइबल पदलाई सही तरिकाले कण्ठ गर्नुहोस्। (४) दिनु - २ कोरिन्थी ९:६-७
३. **पुनरवलोकन गर्नुहोस् -** दुई-दुई जनाको समूहमा विभाजन हुनुहोस् र भर्खरै कण्ठ गरेको बाइबल पद एक-अर्कामा जाँच्नुहोस्।

४	**बाइबल अध्ययन** (७० मिनेट)	**[संसारमा जिउनु]** **(४) संसारमा दु:ख-कष्ट - १ पत्रुस २:११-२५**

१ पत्रुस २:११-२५ लाई सबै मिलेर अध्ययन गर्न बाइबल अध्ययनको पाँच चरणहरू भएको विधि प्रयोग गर्नुहोस्।

चरण: १ - पढ्नुहोस्। **परमेश्वरको वचन**

आउनुहोस्, हामी सबै मिलेर १ पत्रुस २:११-२५ पढौँ।
हामी पालैपालो पूरै खण्डलाई एक-एक पद गरेर पढौँ।

चरण: २ - पत्ता लगाउनुहोस्। **अवलोकनहरू**

ध्यान दिनुहोस् - यो खण्डमा भएको कुन सत्यता तपाईंको निम्ति महत्वपूर्ण छ? अथवा यस खण्डमा भएको कुन सत्यताले तपाईंको समझ वा हृदयलाई स्पर्श गर्छ?
लेख्नुहोस् - यहाँ तपाईंले बुझ्नुभएको एक वा दुई सत्यताहरू पत्ता लगाउनुहोस्। ती कुराहरूका बारेमा विचार गर्नुहोस् र त्यसलाई आफ्नो नोटबुकमा लेख्नुहोस्।
बाँड्नुहोस् - (समूहका मानिसहरूले विचार गर्न र लेख्न करिब दुई मिनेट लगाएपछि, त्यसलाई पालैपालो बाँड्नुहोस्। अब हामीले पत्ता लगाएका कुराहरू पालैपालो एक-आपसमा बाँडौँ।
(मानिसहरूले पत्ता लगाएर बाँडेका केही कुराहरू तल दिइएका छन्। हरेक सानो समूहमा मानिसहरूले बाँड्ने कुराहरू फरक-फरक हुन्छन् र ती कुराहरू सबैमा मिल्नै पर्छ भन्ने छैन भनी याद गर्नुहोस्।)

१ पत्रुस २:२३

खोज १ - दु:ख भोग्नुहुँदा येशूले बदला लिनुभएन अथवा धम्की दिनुभएन।

"तिनीहरूले उहाँलाई अपमान गर्दा उहाँले साटो फेर्नुभएन। दु:ख भोग्नुहुँदा उहाँले धम्की दिनुभएन। तर उचित न्याय गर्नुहुनेमाथि उहाँले भरोसा राख्नुभयो।" संसारको अरू धर्मका मानिसहरूबाट इसाईहरूले अत्याचार र सतावटजस्ता दु:ख-कष्ट भोग्नुपर्दा, उनीहरूले बदला लिनुहुँदैन अथवा आफ्ना सत्रुहरूलाई बदला लिने धम्की पनि दिनुहुँदैन। बाइबलको परमेश्वरको कुनै विशेष धर्मका सदस्यहरूलाई कानुन आफ्नो हातमा लिएर आतंकवादी आक्रमणद्वारा मानिसहरूलाई मार्ने अथवा ढुङ्गाले हिर्काउने हक-अधिकार दिनुभएको छैन। दण्डाज्ञालाई कार्यान्वयन गर्ने हक परमेश्वरको अधिकारको प्रतिनिधिस्वरूप मुलुकको आधिकारिक न्यायाधीसहरूलाई मात्र दिइएको छ (रोमी १३:१-२)!

"आँखाको सट्टा आँखा, दाँतको सट्टा दाँत" जस्तो बदला लिने नियम इस्राएलको दण्डसम्बन्धी नियमकको भाग थियो र यस्तो नियमलाई कुनै व्यक्तिले मनमानी ढङ्गमा आफ्नो हातमा लिई लागु गर्नु हुँदैन! बदलासम्बन्धी नियमले कुनै अपराधको दण्ड त्यसको बराबर हुनुपर्छ भनी सिकाउँछ। "कसैलाई मर्ने गरी हिर्काउनेलाई मार्नैपर्छ। पशुलाई मर्ने गरी हिर्काउनेले त्यसको भर्ना दिओस्- पशुको साटो पशु। कुनै मानिसले आफ्नो छिमेकीको कुनै अङ्गको नोक्सान गरिदियो भने, त्यसले जसो गरेको छ त्यसलाई त्यसै गरिओस्। चोटको साटो चोट, आँखाको साटो आँखा, दाँतको साटो दाँत, जसरी त्यसले कसैको अङ्गको नोक्सान गरिदियो त्यसलाई पनि त्यसरी नै गर्नू। पशु मार्नेले त्यसको भर्ना गरोस्। तर ज्यानमाराचाहिँ मारिनैपर्छ। स्वदेशीको निम्ति र परदेशीको निम्ति एउटै किसिमको ऐन होस्। म परमप्रभु तिमीहरूका परमेश्वर हुँ" (उत्पत्ति ९:६; लेवी २४:१७-२२; प्रस्थान २१:२२-२४)।

दण्डसम्बन्धी व्यवस्था कार्यान्वयन गर्दा त्यहाँ कम्तीमा दुई जना साक्षी हुनैपर्छ। न्यायाधीसहरूले पहिले उक्त घटनालाई अनुसन्धान गर्नैपर्छ। त्यसरी लागु गरिने दण्डले अरू अपराधीहरूमा डर उत्पन्न गर्छ, ताकि त्यस्ता नराम्रा घटनाहरू फेरि दोहोरिन नपाओस्! "कसैको दोष वा अपराधमा एउटा मात्र साक्षीको बयानको आधारमा कसैलाई दण्ड नदिनू। दुई वा तीन साक्षीको बयानद्वारा मात्र अभियोग कायम गर्न सकिन्छ। कसैमाथि दोषारोपण गर्न कोही दुष्ट मानिस खड़ा भयो भने, वादी र प्रतिवादी दुवै तत्कालीन पूजाहारी र न्यायकर्ताहरूका सामुन्ने परमप्रभुको अगि आउनुपर्छ। तब न्यायकर्ताहरूले तिनीहरूलाई राम्ररी केरकार गर्नुपर्छ। यदि साक्षी झूटो रहेछ र आफ्नो भाइको विरुद्धमा झूटो बयान दिएको रहेछ भने, त्यसले आफ्नो भाइमाथि जे गर्ने विचार गरेको थियो त्यसलाई त्यसै गर्नू। तिमीहरूले आफ्नो मध्यबाट खराबीलाई हटाउनुपर्छ। यो सुनेर अरूहरू डराउनेछन्। त्यसपछि तिमीहरूका बीचमा यस्तो खराबी कहिले हुनेछैन। तिमीहरूले नटिठ्याउनू। ज्यानको साटो ज्यान, आँखाको साटो आँखा, दाँतको साटो दाँत, हातको साटो हात र गोड़ाको साटो गोड़ा हुनेछ" (व्यवस्था १९:१५-२१)।

---

१ पत्रुस २:२१

खोज २ - परमेश्वरले इसाईहरूलाई दु:ख भोग्नको निम्ति बोलाउनुहुन्छ।

परमेश्वरले इसाईहरूलाई येशू ख्रीष्टको पाइलामा हिँड्नको निम्ति बोलाउनुहुन्छ। यस्तो अवस्थामा आफ्ना वरिपरिका मानिसहरूबाट अत्याचार र सतावट भोगी अन्याय सहनुपर्दा तिनीहरूले येशू ख्रीष्टको नमुना पछ्याउनैपर्छ। येशू ख्रीष्टले जस्तै गरी इसाईहरूले दु:ख-कष्टको प्रतिक्रिया जनाउनैपर्छ। दु:ख-कष्ट हटाउनै नसकिने कुरा हो! येशू ख्रीष्टले भन्नुभयो, "धन्य हौ तिमीहरू, जब मानिसहरूले मेरो खातिर तिमीहरूको निन्दा गर्नेछन् र सताउनेछन्, र झूटा बोलेर तिमीहरूका विरुद्धमा सब किसिमका खराब कुरा भन्नेछन्। तब रमाओ, र अत्यन्त खुशी होओ, किनभने स्वर्गमा तिमीहरूको इनाम ठूलो हुनेछ। किनभने यसरी नै तिमीहरूभन्दा अघिका अगमवक्ताहरूलाई तिनीहरूले सताएका थिए" (मत्ती ५:११-१२)। अनि प्रेरित पावलले यसो भने, "साँच्चै नै, ख्रीष्ट येशूमा भक्तिसाथ जीवन बिताउन इच्छा गर्नेहरू सबै जना सतावटमा पर्ने नै छन्" (२ तिमोथी ३:१२)।

गैर-इसाईहरूले आफूलाई तुच्छ ठानी अन्यायपूर्वक व्यवहार गर्नेछन् भनी इसाईहरूले अपेक्षा गर्नैपर्छ। इसाई विश्वासभित्र रहेर ख्रीष्टको खातिर दु:ख-कष्ट भोग्नुले ठूलो अर्थ राख्दछ!

चरण: ३ - प्रश्न **व्याख्याहरू**

ध्यान दिनुहोस् - यस खण्डमा त्यस्तो कुन प्रश्न छ, जुन तपाईंले यस समूहमा सोध्न चाहनु हुन्छ?
१ पत्रुस २:११-२५ मा भएका सबै सत्यताहरू बुझ्न कोसिस गरौँ र त्यहकाँ अझै नबुझेका कुराहरू छन् भने प्रश्न सोधौँ।
लेख्नुहोस् - आफ्नो प्रश्नलाई स्पष्ट ढाँचामा बनाउनुहोस्। अनि तपाईंको प्रश्नलाई नोटबुकमा लेख्नुहोस्।
बाँड्नुहोस् - (समूहको सदस्यहरूलाई विचार गर्न र लेख्न करिब दुई मिनेट दिएपछि, प्रत्येक व्यक्तिलाई पालैपालो उसको प्रश्नहरू सबैको सामु बाँड्न लगाउनुहोस्।)
छलफल गर्नुहोस् - (त्यसपछि, ती प्रश्नहरूमध्ये केही उपयोगी प्रश्नहरूको बारेमा समूहमा छलफल गर्दै उत्तरहरू पत्ता लगाउन कोसिस गर्नुहोस्।)
(उदाहरणको लागि, विद्यार्थीहरूले सोध्न सक्ने केही सम्भावित प्रश्नहरू र छलफलद्वारा निकालिएका टिप्पणीहरू तल दिइएको छ।)

१ पत्रुस २:१८

प्रश्न १ - इसाईहरूले दासप्रथालाई कसरी हेर्नुपर्छ?

टिप्पणी - दासप्रथा संसारको प्राचीन संस्था हो (उत्पत्ति ९:२६-२७; उत्पत्ति २१:१०; उत्पत्ति ३९:१७; उत्पत्ति ४४:१०)। मिश्रदेशमा दासप्रथा महत्वपूर्ण थियो। त्यहाँ इस्राएलीहरूलाई अति कडा काम लगाउन नाइकेहरू नियुक्त गरिएका थिए। तिनीहरूले पिताम र रामसेस सहरहरूमा भण्डारहरू निर्माण गर्नुपरेको थियो (प्रस्थान १:११-१४)। इस्राएलमा पनि दासप्रथा थियो, तर इस्राएलको नागरिक व्यवस्थामा दासप्रथाको सन्दर्भमा विशेष नियमहरू थिए। "अब मैले तिमीहरूको सामु राख्ने विधानहरू यी नै हुन्। तिमीहरूले हिब्रू कमारा किन्यौ भने त्यसले छ वर्षसम्म सेवा गरोस्। तर सातौँ वर्षमा केही नतिरी त्यो स्वतन्त्र भएर जाओस्" (प्रस्थान २१:१-२)। नयाँ करारको समयमा भएका एक किसिमका दासहरूले नाइकेहरूको देखरेखमा काम गर्नुपर्थ्यो (मत्ती १८:२५) अनि अर्को किसिमका घरेलु दासहरूचाहिँ आफ्ना मालिकहरूको नजिकको सम्पर्कमा रहन्थे (मत्ती २४:४५)।

त्यस्ता केही दासहरू इसाईहरू थिए र तिनीहरूले कसरी व्यवहार गर्नुपर्छ भनी प्रेरितहरूले शिक्षा दिन्छन्। पत्रुसले भने, "कमारा हो, सम्पूर्ण आदरपूर्वक आफ्ना मालिकहरूका अधीनमा बस। तिमीहरूमाथि दयालु र भला हुनेहरूका अधीनमा मात्र होइन, तर निर्दयीहरूका अधीनमा पनि" (१ पत्रुस २:१८)। त्यसैगरी पावलले भने, "कमारा हो, डर र कम्पसाथ साँचो हृदयले ख्रीष्टलाई गरेझैँ यस संसारका तिमीहरूका मालिकहरूको आज्ञापालन गर। मानिसहरूलाई खुशी पार्नेले झैँ आँखाको अगि मात्र देखावटी काम नगर, तर ख्रीष्टका दासहरूझैँ साँचो हृदयले परमेश्वरको इच्छा पूरा गर। मानिसहरूका निम्ति होइन, तर प्रभुको निम्ति जस्तै गरी सदिच्छाले सेवा गर" (एफिसी ६:५-७)। यो मानवीय सम्बन्धहरूको माझमा स्वतन्त्र र बराबरी हुने कुरा होइन, तर प्रभु येशूको धार्मिकता र राजत्वको विषय हो, जुन सबै किसिमका सामाजिक परिस्थितिका सबै मानिसहरूमा लागु हुन्छ, चाहे तिनीहरू स्वतन्त्र हुन् अथवा दास हुन्। त्यसैगरी दासहरू र मालिकहरू येशू ख्रीष्टको धार्मिकता र राजत्वप्रति समर्पित हुनैपर्छ। "मानिसहरूका निम्ति होइन, तर प्रभुको निम्ति जस्तै गरी सदिच्छाले सेवा गर, यो जानेर कि चाहे त्यो कमारा होस्, चाहे फुक्का, जसले असल काम गर्दछ, त्यसले प्रभुबाट सोहीबमोजिम पाउनेछ। मालिक हो, आफ्ना कमाराहरूसँग त्यस्तै व्यवहार गर, र धम्की दिन छोड, यो जानेर कि तिमीहरू दुवैका मालिक स्वर्गमा हुनुहुन्छ, र उहाँमा पक्षपात छैन" (एफिसी ६:७-९)। इसाई दासहरूले येशू ख्रीष्टको धार्मिकता र राजत्व अरू दासहरूको माझमा फैलाउनैपर्छ। तिनीहरूले आफ्ना मालिकहरू अन्यायी भए तापनि, तिनीहरूप्रति आफ्नो आन्तरिक श्रद्धा र बाहिरी आदर देखाएर, येशू ख्रीष्टको प्रतिनिधित्व गर्दै उहाँको उदाहरण हुनैपर्छ! त्यसैगरी इसाई मालिकहरूले अरू मालिकहरूको माझमा येशू ख्रीष्टको धार्मिकता र राजत्व फैलाउनैपर्छ। तिनीहरूले आफ्ना कामदारहरूलाई धम्की नदिएर अनि अन्यायपूर्वक पक्षपात नगरेर येशू ख्रीष्टको प्रतिनिधित्व गर्दै उदाहरण हुनैपर्छ।

मालिकहरू र दासहरूको यो बाइबलीय सम्बन्धलाई अहिलेको मजदूरहरू र रोजगारदाताहरूबीचको आधुनिक सम्बन्धहरूमा लागु गर्न सकिन्छ। इसाई मदजूरहरू आफ्ना रोजगारदाताहरूको अधिकारको अधिनमा रहनैपर्छ; उनीहरूलाईलाई आदर गरी आज्ञाकारी हुनैपर्छ र येशू ख्रीष्टकै सेवा गरेझैँ गरी तिनीहरूले सारा हृदयले उनीहरूको सेवा गर्नैपर्छ (कलस्सी ३:२३)।

रोजगारदाताले मजदूरहरूबाट अनुचित माग गर्छन् भने तिनीहरूले दु:ख भोग्नेछन्; जस्तै: केही रोजगारदाताहरूले आफ्ना कामदारहरूलाई आफ्नो सम्पत्तिझैँ व्यवहार गर्छन् र धेरै घण्टा काम गर्न वाध्य तुल्याउँछन् अनि विभिन्न किसिमका अनुचित मागहरू देखाउँदै अस्वस्थकर र खतरनाक परिस्थितिहरूमा काम गर्न पठाउँछन्। अरू केही रोजगारदाताहरूले चाहिँ काम पाउन व्याकुल मानिसहरूलाई धेरै घण्टा काम लगाउँछन्, तर त्यसको उचित ज्याला दिँदैनन् र बिनाकारण कामबाट निकालिदिन्छन्। रोजगारदाताहरूले त्यस किसिमले बाइबलमा मनाही गरिएका कुराहरू गर्दछन् भने कामदारहरूले आदरसाथ तिनीहरूको विरोध गर्नैपर्छ; जस्तै: रोजगारदाताले घुस लिन र लिन लगाउँदा, झूट बोल्न लगाएर बेइमान बनाउँदा, भ्रष्टाचारमा सङ्लग्न गराउँदा, अरूको गोप्य सूचनाहरू चोर्न लगाउँदा, भूमिगतहरूसँग काम गर्न लगाउँदा, धम्कीपूर्ण चिट्ठी पठाउन लगाउँदा, हत्या गर्न लगाउँदा, खाद्यसामग्री अथवा औषधिहरू निर्माण गर्दा मिसावट गरी उत्पादनमा गडबड गर्न लगाउँदा कामदारहरूले तिनीहरूको विरोध गर्नैपर्छ। त्यस्तो अवस्थामा ती कामदारहरूले आफूहरू पृथ्वीको मानिसहरूभन्दा परमेश्वरप्रति आज्ञाकारी हुनेछौँ भनी मालिकहरूलाई भन्न सक्छन् (प्रेरित ४:१९-२०; ५:२९)। त्यस्तो अवस्थामा यदि मालिकहरूले कामबाट निकालिए भने तिनीहरूले दु:ख भोग्नुपर्ने हुनेछ, तर त्यस्तो दु:खलाई तिनीहरूले योग्य तरिकाले सहनैपर्छ। इसाईहरूले असल गर्दा दु:ख भोग्न सक्छन्, तर खराब काम गरेर कहिल्यै दु:ख भोग्दैनन्।.

दासप्रथालाई अझै यस संसारबाट प्रतिबन्धित पार्न सकिएको छैन। अहिले थुप्रै बाल-बालिकाहरूलाई शिक्षाको अवसरबाट बञ्चित गराउँदै आतंकवादी गतिविधिको लागि सैन्य तालिम दिइराखेको छ। महिलाहरूलाई अवैध ढङ्गमा यौन व्यापारजस्तो घृणित काम गर्न वाध्य तुल्याइएको छ। धेरै महिला र किशोरीहरूलाई त्यस्तो अनैतिक गतिविधिको लागि विदेशमा लगेर बेचिन्छ। गरिब मानिसहरू आफ्नो कलिला छोरा-छोरीहरूका साथमा धनी मालिकहरूले खोलेका उद्योगहरूमा गैरकानुनीरूपमा काम गरिरहेका छन् र त्यस्तो कामको अनुमतिको लागि सरकारी अधिकारीहरूल ठूलो रकम घुस लिने गर्छन्। हरेक समाजमा अझै थुप्रै मानिसहरू लागु-औषधिको बन्धनमा जिइरहेका छन्। त्यस्ता लागु औषधिहरूको उत्पादकहरू (सूर्तीजन्य पदार्थहरूको उत्पादकहरू) र त्यसको अवैध व्यापार गर्नेहरूले लाखौँ मानिसहरूलाई सिकार बनाइरहेका छन्। त्यसैगरी जुवा-तास र विभिन्न किसिमका चिट्ठाहरूले पनि ठूलो सङ्ख्याका मानिसहरूलाई दासत्वमा पारेको छ।

यस्ता सबै किसिमका दासत्वको विरोधमा इसाईहरूले आवाज उठाउँदै आवश्यक काम गर्नुपर्दछ। इसाईहरू धार्मिकताको निम्ति भोकाउनु र तिर्खाउनु पर्छ (मत्ती ५:६), जसको मतलब आदरयोग्य ढङ्गमा तिनीहरूले समाजमा न्याय र धार्मिकता स्थापित गर्नुपर्छ। असल काम गर्न, कडा परिश्रम गर्न, विश्वासयोग्य हुन र गुणस्तर कायम राख्न इसाईहरू लागिपर्नुपर्छ। अनि आफ्ना मालिकहरूलाई बाइबलीय शिक्षाअनुसार परिवर्तन हुनेबारे उनीहरूलाई बताउनुपर्छ, तर तिनीहरूको पीठपछाडि कुरा काट्ने अथवा उनीहरूको विरुद्धमा खराब कुरा बोल्नुहुँदैन।

---

१ पत्रुस २:१९

प्रश्न २ - परमेश्वरको नजरमा जे सही छ सो गरेकोमा दु:ख भोग्दा के-के फाइदाहरू हुन्छन्?

टिप्पणी - संसारमा यस्ता धर्महरू पनि छन्, जसले खराब काम गर्ने मानिसहरूलाई इनाम दिने गर्दछ र खराब गर्न उत्साह दिन्छ[10]। तर खराब कामद्वारा दु:ख भोगेर इसाईहरू महिमित हुँदैनन्। बाइबलको परमेश्वरको दृष्टिमा जे असल र सही छ, त्यसको निम्ति मात्र इसाईहरूले दु:ख-कष्ट भोग्छन्। प्राय: पुरानो करारको अगमवक्ताहरूले परमेश्वरको दृष्टिमा जे असल र सही छ, त्यसको निम्ति सतावट भोगे। त्यसैगरी नयाँ करारका प्रेरितहरूले पनि प्राय: परमेश्वरको दृष्टिमा जे असल र सही छ, त्यही काम गरेर दु:ख-कष्ट भोगे।

तर येशू ख्रीष्टले झैँ दु:ख-कष्टको विरुद्धमा प्रतिक्रिया जनाउन पनि इसाईहरूलाई बोलावट भएको छ। इसाईहरू आफैले बदला लिनुहुँदैन अनि धम्की पनि दिनुहुँदैन, तर आफ्ना दु:ख-कष्ट स्वर्गीय परमेश्वरकहाँ लैजान पर्छ किनभने उहाँले गर्नुहुने अन्तिम न्याय पूर्णरूपमा धार्मिक र कुनै पक्षपातबिना सिद्ध हुनेछ।

अर्को कुरा के हो भने परमेश्वरको दृष्टिमा असल र सही ठहरिने कामहरू गर्नालाई इसाईहरूलाई फाइदा पनि छ:

- मत्ती ५:११-१२ ले भन्दछ, "धन्य हौ तिमीहरू, जब मानिसहरूले मेरो खातिर तिमीहरूको निन्दा गर्नेछन् र सताउनेछन्, र झूटा बोलेर तिमीहरूका विरुद्धमा सब किसिमका खराब कुरा भन्नेछन्। तब रमाओ, र अत्यन्त खुशी

[10] तिनीहरूले आफ्नो मुलुकमा आतंकवादी आक्रमण गराउँछन् अथवा अर्को मुलुकसँग पवित्र युद्ध गर्छन्।

होओ, किनभने स्वर्गमा तिमीहरूको इनाम ठूलो हुनेछ। किनभने यसरी नै तिमीहरूभन्दा अघिका अगमवक्ताहरूलाई तिनीहरूले सताएका थिए" (योसेफ, मोशा, एलिया, यर्मिया, दानिएल, बप्तिस्मा दिने यूहन्ना आदि)।

- रोमी ५:३-४ ले भन्दछ, "हामी आफ्नो सङ्कष्टमा रमाउँछौँ, यो जानेर कि सङ्कष्टले सहनशीलता उत्पन्न गराउँछ, सहनशीलताले चरित्र, र चरित्रले आशा उत्पन्न गराउँछ।"
- हिब्रू १२:१०-११ ले भन्दछ, "हाम्रा पिताहरूले असल ठानेबमोजिम केही दिन हामीलाई ताड़ना दिए। तर हामी उहाँका पवित्रताको सहभागी हुन सकौँ भनेर हाम्रो फाइदाको निम्ति उहाँले ताड़ना दिनुहुन्छ। सबै ताड़ना सुरुमा सुखद हुँदैन तर दु:खदायी हुन्छ, तर ताड़नाद्वारा तालीम पाएकाहरूका लागि यसले पछि धार्मिकताको शान्तिपूर्ण फल उत्पन्न गराउँछ।"
- याकूब १:२-४ ले भन्दछ, "तिमीहरूमाथि विभिन्न किसिमका आपत्-विपत् आइपर्दा तिनलाई पूरा आनन्दको कुरा सम्झ। किनकि तिमीहरू जान्दछौ, तिमीहरूका विश्वासको जाँचले धैर्य उत्पन्न गराउँछ। धैर्यलाई त्यसको पूरा काम गर्न देओ, ताकि तिमीहरूमा कुनै कुराको अभाव नभएर तिमीहरू परिपक्व र पूर्ण होओ।"

---

१ पत्रुस २:२०

प्रश्न ३ - संसारमा यति धेरै दु:ख-कष्ट र मृत्यु किन छ?

टिप्पणी - संसारमा दु:ख-कष्ट हुनुको कम्तीमा पाँच वटा कारणहरू बाइबलले बताउँछ; मानिसहरूले दु:ख भोग्छन् किनभने (१) तिनीहरू भक्तिहीन छन्, (२) तिनीहरू दुष्ट छन्, (३) तिनीहरूले झूटमा विश्वास गर्छन्, (४) आफूहरू मर्नेछौँ भन्ने कुरा तिनीहरूलाई थाहा छ, र (५) तिनीहरू परमेश्वरको न्यायमुनि छन्।

(१) भक्तिहीनताद्वारा मानिसहरूले दु:ख भोग्छन्।

- **भक्तिहीनता के हो?**

रोमी १:१८-२३ पढ्नुहोस्। परमेश्वरको 'क्रोध' भनेको पापप्रति परमेश्वरकोको पवित्र अप्रसन्नता र मानिसहरूको भक्तिहीनता र अधार्मिकताप्रति उहाँको धार्मिक रिस हो। मानिसहरूको भक्तिहीनताद्वारा परमेश्वर क्रूद्ध हुनुभएको छ। "भक्तिहीन" भनेको परमेश्वरको अस्तित्व छ भनी विश्वास नगर्नु हो अथवा बाइबलमा आफूलाई प्रकट गर्नुहुने परमेश्वरलाई परमेश्वर भनी नमान्नु हो। यसको अर्थ नास्तिकजस्तो भएर जिउनु हो, जसको मतलब कुनै व्यक्तिले आफूलाई 'ईश्वर' ठान्नु र उसको नजरमा जे असल लाग्छ त्यही गर्नु हो (न्यायकर्ता २१:२५)। भक्तिहीनता भनेको सृष्टि गरिएका थोकहरूबाट मानिसको हातले बनाइएका मूर्तीहरूलाई 'ईश्वर' हो भनी विश्वास गर्नु हो अथवा अहिलेको आधुनिक धर्महरूमा मानिसको कल्पना वा समझले सृजना गरिएका 'ईश्वर'मा विश्वास गर्नु हो। त्यसैगरी भक्तिहीनता भनेको दुष्ट आत्माहरू र भूतहरूको शक्तिहरूमा विश्वास गर्नु हो। छोटकरीमा भन्नपर्दा, भक्तिहीनता भनेको बाइबलमा आफूलाई प्रकट गर्नुहुने परमेश्वरसँगको तोडिएको अथवा गलत सम्बन्ध हो।

- **किन मानिसहरू भक्तिहीन छन्?**

मानिसहरूले आफ्नो लागि 'देवी-देवता' बनाउँछन् अथवा तिनीहरूले परमेश्वरको अस्तित्वलाई इन्कार गर्छन्, किनभने तिनीहरूले आफ्नो जीवन आफ्नै खुसीमा निर्धारण गर्न चाहन्छन्। आफूले चाहेजस्तो जीवन जिउन दिने र आफ्नो व्यवहारलाई मञ्जुर गर्ने 'देवी-देवता' तिनीहरूले बनाउँछन्। तिनीहरूका त्यस्ता देवीदेवताले तिनीहरूलाई पश्चाताप गर्न र सुध्रन लगाउँदैनन्! जिउँदो परमेश्वरको आदर र सेवा गर्ने मानिसहरू आफूले चाहेको जस्तो गरि जिउँदैनन् र पुरानै अवस्थामा रहिरहँदैनन्। साँचो अनि जीवित परमेश्वरले आफ्नो अभिप्रायअनुसार मानिसहरू परिवर्तन गराउन चाहनुहुन्छ! त्यही कारणले गर्दा धेरै मानिसहरूले बाइबलको परमेश्वरसँग कुनै सम्बन्ध राख्न चाहँदैनन्। तिनीहरू परिवर्तन हुन चाहँदैनन् (यूहन्ना ३:१९-२१)!

- **भक्तिहीनताको परिणामहरू के-के हुन्?**

बाइबलको परमेश्वरबिना जिएमा मानसिहरूको समझ, हृदय र सम्बन्धहरूमा असर पर्दछ। भक्तिहीनताले परमेश्वरको क्रोधलाई ल्याउँछ (रोमी १:१८)। बाइबलको परमेश्वरप्रति पीठ फर्काएका हुनाले मानिसहरूले विभिन्न किसिमले दु:ख भोग्छन्। भक्तिहीनताले मावनीय सोच-विचारलाई व्यर्थ तुल्याउँछ (रोमी १:२१-२२)। परमेश्वरको सत्यता र बुद्धिबिना मानिसहरू झूट र छलको संसारमा जिउँछन्। तिनीहरू एकले अर्कोलाई छल गर्छन् र परिणामस्वरूप तिनीहरूले दु:ख भोग्छन् अनि अरू मानिसहरूको लागि दु:खको कारण बन्दछन्! भक्तिहीनताले अनैतिकतालाई निम्त्याउँछ (रोमी १:२३-२४)। धेरै मानिसहरूले आफूले चाहेजस्तो असल काम गर्न आफूमा शक्ति भेट्टाउन सक्दैनन्। परमेश्वरलाई आदर गर्ने हृदयबिना र असल कामबिना मानिसहरूले दु:ख भोग्छन् र अरूहरूको लागि पनि दु:खको कारण बन्दछन्! छोटकरीमा भन्नुपर्दा, बाइबलको

परमेश्वरको अस्तित्वलाई इन्कार गरेकोले मानिसहरूले दु:ख भोग्छन् अथवा बाइबलको परमेश्वरसँग हातले बनाइएका वा मानिसले रचेका देवताहरूसँग साटफेर गरेको कारणले तिनीहरूले दु:ख भोग्छन्।

(२) अधार्मिकताद्वारा मानिसहरूले दु:ख भोग्छन्।

- **अधार्मिकता भनेको के हो?**

रोमी १:२४-३२ पढ्नुहोस्। परमेश्वरको क्रोध मानिसहरूको अधार्मिकताको विरुद्धमा खनिएको छ। मानिसहरूका दुष्टताको बारेमा परमेश्वर रिसाउनुभएको छ। मानिसहरूले एक-अर्काप्रति विभिन्न किसिमका खराब कुराहरू रच्छन्, एकले अर्कोलाई आफ्ना दुष्ट जीवनशैलीतिर तान्दछन् अनि मानिसहरूले गर्ने खराब कुराहरूलाई समर्थन गर्दछन्। कुन-कुन कुराहरूलाई परमेश्वरले 'अधार्मिकता' मान्नुहुन्छ भनी २८-३२ पदहरूले व्याख्या गर्दछ: यौन अनैतिकता र विकृति, लोभ, भ्रष्टता, चरित्रहीनता, हत्या, झैझगडा, छल र कुभावना आदि। मानिसहरू अरको कुरा काट्ने, निन्दा गर्ने, परमेश्वरलाई घृणा गर्ने, ढीट, अहंकारी र घमण्डी हुन्छन्: तिनीहरूले विभिन्न दुष्ट कुराहरू रच्दछन्: तिनीहरू आमाबाबुको आज्ञापालन नगर्ने, विवेकहीन, विश्वासहीन, निर्दयी र क्रूर हुन्छन्। यस्ता मानिसहरू एक-अर्काको लागि दु:ख-कष्टको कारण भएको छक्क पर्नुपर्दैन! यी सबैलाई छोटकरीमा भन्नुपर्दा, अधार्मिकता भनेको अरू मानिसहरूसँग तोडिएको अथवा गलत सम्बन्ध हो।

- **किन मानिसहरूले अधार्मिक कुराहरू गर्दछन्?**

मानिसहरूले अधार्मिक कुराहरू गर्दछन्, किनभने तिनीहरू अरूको सेवा गर्न चाहँदैनन्! बरु त्यसको सट्टामा तिनीहरू आफ्नै पापमय अभिलाषाहरूको सेवा गर्न चाहन्छन्! स्वभावैले मानिसहरू स्वतन्त्र र आत्मनिर्भर हुन चाहन्छन्। तिनीहरू स्वार्थी हुन्छन्। यहाँसम्म, कि आफ्ना धार्मिक दृढ-विश्वासको आधारमा मानिसहरूले अपवित्र युद्धहरू अपवित्र जीवनशैलीलाई पनि समर्थन गर्दछन्।

- **अधार्मिकताको परिणामहरू के-के हुन्?**

परमेश्वरसँग मानिसहरूको सम्बन्धले तिनीहरूको अरू मानिसहरूसँगको सम्बन्धलाई निर्धारण गर्दछ। मानिसहरूले साँचो र जीवित परमेश्वरलाई तिनीहरूका झूटा देवीदेवता अथवा आफैसँग साटफेर गरेपछि, बाइबलको परमेश्वरले तिनीहरूलाई भ्रष्ट मनको अवस्थामा अनुचित आचरणको निम्ति छोडिदिनुहुन्छ (रोमी १:२६-२८)! त्यसपछि बाइबलको परमेश्वरले मानिसहरूलाई आफूले चाहेजस्तै हुन दिनुहुन्छ! अनि परमेश्वरले तिनीहरूलाई आफ्नै दुष्ट जीवनशैलीमा छोडिदिनुहुन्छ। त्यसपछि मानिसहरूले आफ्नै दुष्ट अभिलाषाहरूको परिणामहरूमा दु:ख भोग्दछन्। तिनीहरूले जे रोप्छन्, त्यसैको कटनी गर्छन् (गलाती ६:७-८)। तिनीहरू भक्तिहीन हुन चाहेकोले गर्दा, बाइबलको परमेश्वरबिनाको जीवन कस्तो हुन्छ भन्ने साँचो स्वाद तिनीहरूले चाख्दछन्! त्यसपछि आफूले रोजेको विनाशमा पुऱ्याउने फराकिलो बाटोतिर तिनीहरू दौडन्छन् (मत्ती ७;१३)। छोटकरीमा भन्नुपर्दा, आफूले गरेको अधार्मिकताको लागि मानिसहरूले दु:ख भोग्छन् साथै अरूहरूलाई पनि अधार्मिकतातिर उत्तेजेत गराउँछन् र सांसारिक अधार्मिकतालाई समर्थन गर्दछन् (रोमी १:३२)। अनि मानिसहरूले एक-अर्कालाई हानि-नोक्सानि गर्दछन्; त्यसैले तिनीहरूले दु:ख भोग्दछन्!

(३) मानिसहरूले झूटद्वारा दु:ख भोग्छन्।

- **सत्य के हो?**

रोमी १:१८-२५ पढ्नुहोस्। परमेश्वरको क्रोध भनेको मानिसहरूको पापप्रति उहाँको पवित्र बेखुसीपन अनि तिनीहरूका भक्तिहीनता र अधार्मिकताको बारेमा उहाँको धार्मिक रिस हो। परमेश्वरको रिस सत्यलाई दबाउने र सत्यलाई झूटसँग साट्ने मानिसहरूको विरुद्धमा लक्षित छ। 'सत्य' सबैभन्दा पहिले स्वयम् येशू ख्रीष्ट हुनुहुन्छ (यूहन्ना १४:६) र दोस्रोचाहिँ बाइबलमा लेखिएका वचनहरू (शब्दहरू) हुन् (यूहन्ना १७:१७)। आफूलाई परमेश्वरमा समर्पित गर्ने इसाईको सुरक्षाबारेको सत्यता भनेको परमेश्वरले उलसाई प्रेम गर्नुहुन्छ र बिनाशर्त स्वीकार गर्नुहुन्छ भन्ने कुरा उसले जान्दछ (यशैया ४३:४)। इसाईको महत्वबारे सत्यता भनेको परमेश्वरले उसलाई महत्वपूर्ण र अर्थपूर्भ भएको र सोहीअनुसारको काम गरेको चाहनुहुन्छ भनी जान्नु हो (यर्मिया २९:११)। तसर्थ, जब मानिसले बाइबलमा भएको परमेश्वरको वचनलाई बङ्ग्याउँछ, तब त्यो झूटो हुँदछ र त्यो दु:ख-कष्टको कारण बन्दछ।

किन मानिसहरूले सत्यलाई इन्कार गर्छन्, दबाउँछन् अथवा परिवर्तन गर्छन्? मानिसहरू सत्य कुरा सुन्न चाहँदैनन् अथवा सत्यद्वारा जिउन चाहँदैनन्, किनभने त्यसको निम्ति पहिले तिनीहरू परिवर्तन हुनैपर्छ, तर तिनीहरू परिवर्तन हुन चाहँदैनन्। "मैले तिमीलाई फेरि नयाँ गरी जन्मिनुपर्छ भन्दा अचम्म नमान" भनी येशूले भन्नुभयो (यूहन्ना ३:७)। त्यसैले मानिसहरूले गलत आस्थाहरू र गलत दृढ विश्वासहरू विकास गर्दछन्, नैतिक मूल्य-मान्यताहरूलाई बङ्ग्याउँछन् अनि सबै किसिमका

समस्याहरू खडा गर्छन्। राजनैतिक अधिकारी र धार्मिक अगुवाहरूले नयाँ जन्म र परिवर्तन हुने कुरालाई स्वीकार नगरेसम्म, मानिसहरू भक्तिहीनता र अधार्मिकता अनि हठी र स्वार्थी अवस्थामा नै रहनेछन्। मानिसहरूले निरन्तर सत्यलाई दबाउनेछन् अथवा सत्यलाई तिनीहरूको झूटहरूसँग साटफेर गर्नेछन्।

- **सत्यलाई इन्कार गर्नु, दबाउनु र साटफेर गर्नुको परिणामहरू के-के हुन्?**

मानिसहरूले 'इसाईको सुरक्षा'बारेमा सत्यलाई इन्कार गर्छन्, दबाउँछन् र साटफेर गर्छन् भने, तिनीहरू असुरक्षित, एक्लो र चिन्तित भई आत्म-सम्मानलाई तल झार्छन्। मानिसहरूले 'इसाई हुनुको महत्वलाई' इन्कार गर्छन्, दबाउँछन् अथवा साटफेर गर्छन् भने तिनीअरूले आफ्नो अस्तित्व व्यर्थ ठान्छन् र जिउनुको कुनै अर्थ देख्दैनन्।

मानिसहरू साँचो र जीवित परमेश्वरबिनाको हुनु भनेको परमेश्वरले प्रकट गर्नुभएको सत्यबिनाको हुनु हो! तिनीहरूले परमेश्वरको बारेको सत्यता र आफ्नैबारेको सत्यता जान्दैनन्। वास्तवमा आफूहरू को हौँ, कहाँबाट आएका हौँ, कसरी जिउनुपर्छ अथवा आफू कतातरि गइरहेको छु भनी तिनीहरूले जान्दैनन्! आफू असुरक्षित छु, अन्यौलमा छु र व्यर्थको छु भन्ने भावनाले गर्दा तिनीहरूले दु:ख भोग्छन्। आफ्नो जीवनको अर्थ नभेटेकोले अथवा आफूलाई विनासकारी जीवनशैलीतिर समर्पित गरेकोले गर्दा, तिनीहरूले दु:ख भोग्छन्। छोटकरीमा भन्नुपर्दा, सत्यलाई दबाउनु अथवा साटफेर गर्नु भनेको आफैसँगको सम्बन्ध तोडिएको अथवा गलत हुनु हो।

- **पाप के हो?**

पापमा पतन भएपछि स्वभावैले हरेक मानिसको बाइबलको परमेश्वरसँग गलत सम्बन्ध स्थापित भएको छ, अरू मानिसहरूसँग असिद्ध सम्बन्ध स्थापित भएको छ र आफैसँगको सम्बन्धचाहिँ टढो भएको छ। तसर्थ, हरेक मानिस भक्तिहीन, दुष्ट कामहरू गर्ने र झूटहरूमाथि विश्वास गर्ने भएको छ। यी तीन गलत सम्बन्धहरूलाई बाइबलले 'पाप' भन्दछ।

पापको 'जरा' भनेको बाइबलको परमेश्वरसँगको गलत सम्बन्ध हो। यसको मतलब परमेश्वरबाट स्वतन्त्र भई, उहाँमा भर नपर्ने तर आफैमा भरपर्ने हुनु हो। पाप भनेको तपाईंको जीवनमा परमेश्वरको लक्ष्यलाई गुमाउनु हो। पाप भनेको परमेश्वरको सिद्ध मापदण्डबाट (येशू ख्रीष्टबाट) बञ्चित हुनु हो। पाप भनेको बाइबलमा भएको परमेश्वरको आज्ञाहरू उल्लङ्घन गर्नु हो। पाप भनेको बाइबलको परमेश्वरको विरुद्धमा विद्रोह गर्नु हो। पाप भनेको परमेश्वरको वचनलाई (बाइबललाई) बङ्ग्याउनु हो।

पापको 'फल' (परिणाम) भनेको बाइबलमा परमेश्वरले मनाही गर्नुभएको कुराहरू गर्नु र बाइबलमा उल्लेखित परमेश्वरको आज्ञाहरूचाहिँ पालना नगर्नु हो। तसर्थ, संसारमा यति धेरै दु:ख-कष्ट हुनुको कारण 'पाप' नै हो!

(४) मानिसहरूले मृत्युद्वारा दु:ख भोग्छन्।

- **मृत्युको अर्थ के हो?**

रोमी ६:२३क ले भन्दछ, "पापको ज्याला मृत्यु हो।" प्राय: मानिसहरू 'मृत्यु'सँग डराउँछन्। यो यति डरलाग्दो छ, कि यसको चर्चा गर्न पनि मानिसहरू डराउँछन्। मृत्युलाई अन्तिम दु:ख मानिन्छ। मानिसहरू निरन्तर मृत्युको डरमा जिउँछन् (हिब्रू २:१५)। 'मृत्यु' भन्ने शब्दको बाइबलमा फरक-फरक अर्थहरू छन्।

आत्मिक मृत्यु - एफिसी २:१-३ पढ्नुहोस्। हरेक मानिससँग शरीर र आत्मा (अथवा प्राण) हुन्छ। 'आत्मिक मृत्यु' भनेको त्यो मानिसको आत्मा मरेको छ भन्ने हो। यो यस्तो अवस्था हो, जहाँ मानिसको आत्मा बाइबलको परमेश्वर र परमेश्वरको जीवनबाट अलग भएको हुन्छ। पहिले मानिसको आत्मा अथवा हृदय नयाँ गरी जन्मिनैपर्छ ताकि त्यो साँचो गरी जिउन सकोस्। त्यसपछि मात्र उसले परमेश्वरलाई जान्नेछ र उहाँसँग सङ्गति गर्नेछ!

शारीरिक मृत्यु - भजन ४९:१०-१२; उपदेशक १२:७; उपदेशक ९:५-६,१० पढ्नुहोस्। 'शारीरिक मृत्यु' भनेको त्यो मानिसको शरीर मरेको छ भन्ने हो। यो यस्तो अवस्था हो, जहाँ मानिसको आत्मा उसको शरीरबाट र यस पृथ्वीको जीवनबाट अलग भएको छ। कुनै मानिस मरेपछि उसले आफूसँग भएको हरेक थोक छोड्नुपर्छ। अनि उसको शरीर धुलोमा फर्कन्छ (पृथ्वीको तत्वहरूमा मिल्छ)।

अनन्त मृत्यु - मत्ती १०:२८; २५:४६क; लूका १६:२२-२६; प्रकाश २०:१४-१५ पढ्नुहोस्। 'अनन्त मृत्यु' भनेको मानिस आफ्नो शरीर र आफ्नो आत्मामा परमेश्वरको उपस्थिति र वास्ताबाट सदासर्वदाको लागि अलग हुनु हो। सुरुमा मानिस परमेश्वरको निम्ति जिउन सृष्टि गरिएको थियो (कलस्सी १:१६)। तर कुनै व्यक्ति अन्तैसम्म आफ्नो निम्ति जिउँछ भने उसले

बाइबलको परमेश्वरसँग आफ्नो सम्बन्ध पुनर्स्थापित गर्दैन र उसले निरन्तर आफ्नो जीवनमा परमेश्वरको लक्ष्यलाई गुमाउँछ अनि अन्तिम न्यायमा यो कुरा स्पष्ट हुनेछ, कि उसको त्यो अवस्था परिवर्तन हुनेछैन। उसको लागि स्वर्गमा अथवा नयाँ पृथ्वीमा कुनै स्थान हुनेछैन। यो यस्तो स्थानमा जानेछ, जहाँ ऊ परमेश्वरको उपस्थितिबाट सदाको लागि अलग हुनेछ र परमेश्वरको प्रेमिलो वास्ताबाट बहिष्कृत हुनेछ (२ थेसलोनिके १:८ख-९)। वास्तवमा 'नरक' भन्ने शब्दको अर्थ यही हो।

- **मृत्युको परिणामहरू के-के हुन्?**

मृत्युले बिछोड ल्याउँछ। मृत्युले शरीरलाई आत्माबाट अलग गर्दछ (उपदेशक १२:७) र शरीर धुलोमा फर्कन्छ (उत्पत्ति ३:१९)। मृत्युले मानिसलाई आफ्नो परिवार र मित्रहरूबाट अलग गराउँछ। उसले तिनीहरू सबैलाई छोड्नुपर्छ (लूका १६:२७-२८)। मत्युले उसलाई सबै धन सम्पत्ति र कडा परिश्रम गरेर प्राप्त गरेका उपलब्धिहरूबाट अलग गराउँछ (१ तिमोथी ६:७)। मृत्युले पृथ्वीमा भएका हरेक सहभागिताबाट अलग गराउँछ (उपदेशक ९:६)। मृत्युले छोडिएका सबै मानिसहरूमा ठूलो डर उत्पन्न गराउँछ। तिनीहरूले अलग भएको व्यक्तिलाई गुमाउनेछ। बाइबलको परमेश्वरसँग कुनै सम्बन्ध नभएका सबै मानिसहरूलाई मृत्युपछि के कुरामा अपेक्षा गर्ने भनेर केही थाहा हुँदैन! त्यही कारणले मृत्यु तिनीहरूका लागि सबैभन्दा ठूलो सत्रु र चिन्ता-फिक्री हो। छोटकरीमा भन्नुपर्दा, आफू मर्नेछु भनी तिनीहरूले जानेकोले नै तिनीहरूले दु:ख भोग्छन्।

(५) मानिसहरूले परमेश्वरको न्यायमुनि दु:ख भोग्छन्।

- **न्याय भनेको के हो?**

मानिसको भक्तिहीनता र दुष्टताले परमेश्वरको क्रोधतिर डोऱ्याउँछ (रोमी १:१८)! परमेश्वर पूर्णरूपमा मानिसको पापसँग अप्रसन्न हुनुभएको छ, मानिसको भक्तिहीनताद्वारा क्रोधित हुनुभएको छ र मानिसको अधार्मिकतामा रिसाउनुभएको छ। "उहाँको प्राणले गलत गर्ने सबैलाई घृणा गर्नुहुन्छ (भजन ५:५), त्यसैगरी सबै दुष्टहरू र सबै हिंसा रुचाउनेहरूलाई पनि घृणा गर्नुहुन्छ (भजन ११:५)।

वर्तमान समयमा परमेश्वरको न्यायहरू भनेको मानिसहरूको पापहरूको निम्ति दिइने दण्डहरू र त्यसको निम्ति पश्चाताप गर्न परमेश्वरबाटको चेताउनीहरू हुन्। एकतर्फ हेर्ने हो भने, परमेश्वर पवित्र र धार्मिक हुनुभएकोले उहाँले न्याय गर्नुहुन्छ अनि दण्ड दिनुहुन्छ; त्यसैले गर्दा मानिसहरूका भक्तिहीनता र अधार्मिकतालाई दोषी ठहऱ्याएर दण्ड दिनैपर्छ। अर्कोतर्फ हेर्ने हो भने, परमेश्वर कृपालु र प्रेमिलो हुनुभएकोले मानिसलाई बचाउन चाहनुहुन्छ र उसलाई फर्काएर सही बाटोमा ल्याउन चाहनुहुन्छ। बालकले केही गल्ती गर्दा, उसले खराब बानी-व्यहोरा नसिकोस् भन्ने हेतुले बुबा रिसाउनुहुन्छ र उसलाई सजायँ दिनुहुन्छ। "कुनै अपराधको दण्ड तुरुन्तै भएन भने मानिसहरूका हृदयले दुष्ट काम गर्नलाई योजनाहरू बनाउँछन्" (उपदेशक ८:११)। यो कुरा परमेश्वर र मानिसमा उस्तै हो। परमेश्वरले पृथ्वीमा मानिसहरूको खराब अवस्था र खराब कुराहरूलाई सहनुहुन्न। त्यही कारणले गर्दा, आफ्नो अन्तिम न्याय भन्दा पहिले, अहिले नै परमेश्वरले भक्तिहीन र अधार्मिक मानिसहरूलाई दोषी ठहऱ्याएर दण्ड दिनुहुन्छ। यो उहाँले दुई तरिकाले गर्नुहुन्छ: सृष्टिमै निर्माण गरिएको उहाँको न्यायहरूद्वारा र इतिहासमा उहाँले पूरा गर्नुभएको न्यायहरूद्वारा।

- **सृष्टिमा निर्माण गरिएका परमेश्वरको न्यायहरू**

गलाती ६:७-८क पढ्नुहोस्। परमेश्वरले मानिसहरूलाई आफ्ना पापहरूको निम्ति दु:ख भोग्न दिनुहुन्छ। उहाँले आफ्नो सृष्टिमा प्राकृतिक नियमहरू निर्माण गर्नुभएको छ; जस्तै: गुरुत्वाकर्षणको शक्ति। जसले यसलाई बेवास्ता गर्छ, त्यो लडेर मर्छ। त्यसैगरी परमेश्वरले मानिसको लागि आत्मिक र नैतिक नियमहरू निर्माण गर्नुभएको छ; जस्तै: "मानिसले जे रोप्छ, त्यसैको कटनी गर्नेछ।" उदाहरण: जसले अल्छेपना रोप्छ, त्यसले गरीबी कटनी गर्छ। जसले घृणा रोप्छ, त्यसले तोडिएको सम्बन्धहरू कटनी गर्छ। जसले निरङ्कुसता रोप्छ, त्यसले लडाइँ कटनी गर्छ। जसले अशुद्धता (फोहर) रोप्छ, त्यसले रोग-बिमार कटनी गर्छ। मानिसहरूको आफ्नै गलत कामहरूको नतिजास्वरूप स्वभाविकरूपमा तिनीहरूले दु:ख भोग्छन्। तसर्थ, जसले पाप रोप्छ, त्यसले परमेश्वरको न्याय कटनी गर्छ।

- **इतिहासमा पूरा भएका परमेश्वरको न्यायहरू।**

इजकिएल १४:२१; आमोस ४:६-१२; हाग्गै १:३-११ पढ्नुहोस्। परमेश्वरले संसारमाथि शासन गर्नुहुन्छ अनि त्यसैगरी उहाँले प्रकृतिका सबै शक्तिहरू र इतिहासका सबै घटनाहरूमाथि शासन गर्नुहुन्छ! मानिसहरू अनाज्ञाकारी हुँदा अथवा कुनै राष्ट्रसँग परमेश्वरको सम्बन्ध तोडिँदा, परमेश्वरले आफ्नो वास्ता र सुरक्षा तिनीहरूबाट फिर्ता लिनुहुन्छ (प्रेरित १४:१७ सँग तुलना गर्नुहोस्) र तिनीहरूमाथि दण्ड ल्याउनुहुन्छ। उदाहरणको लागि उहाँले त्यस्तो परिस्थितिमा आर्थिक, कृषिजन्य र

औद्योगिक क्षेत्रबाट आफ्नो आशिष् फिर्ता लिनुहुन्छ। यस विषयमा हाग्गै १:६,९ ले यसो भन्दछ, "तिमीहरूले छर्न त धेरै नै छरेका छौ, तर थोरै मात्र कटनी गरेका छौ। तिमीहरू खान त खान्छौ, तर अघाउँदैनौ। तिमीहरू पिउन त पिउँछौ, तर तिमीहरूको तिर्खा मर्दैन। तिमीहरू लुगा त लगाउँछौ, तर न्याना हुँदैनौ। तिमीहरू काम गरेर ज्याला कमाउँछौ, तर प्वाल परेको थैलीमा राख्छौ ... तिमीहरूले धेरै आशा गऱ्यौ, तर हेर, थोरै मात्र हुन आयो। तिमीहरूले घरमा जे ल्यायौ, त्यो मैले फुकेर उड़ाइदिएँ।" यस किसिमले पापप्रति अप्रसन्न हुनुभएको छ भनी मानिसहरूलाई देखाउन उहाँले युद्धहरू, महामारीहरू, भुइँचालोहरू, बाडी-पैह्रो, खडेरी र अनिकाललाई प्रयोग गर्नुहुन्छ अनि त्यही समयमा मानिसहरू उहाँतिर फर्कनैपर्छ भनी चेताउनी दिनुहुन्छ (प्रेरित ३:१९; प्रकाश ९:२०-२१)।

परमेश्वरले पृथ्वीमा अहिलेको वर्तमान समयमा नै आफ्नो न्यायहरू ल्याउनु कारण मानिसहरूलाई आफ्ना भक्तिहीनता र अधार्मिकता तोड्न अनि परमेश्वरको लागि पवित्र र धार्मिक जीवन सुरु गर्न प्रत्साहन दिनु हो (हिब्रू १२:४-११) अनि आउनैलागेको उहाँको अनन्त न्यायको चेताउनी दिनु हो, जसले भक्तिहीन र अधार्मिक मानिसहरूलाई सदासर्वदा नरकमा यातना दिनेछ (१ कोरिन्थी ११:३२)!

- **भविष्यमा हुने परमेश्वरको अन्तिम र अनन्त न्याय।**

हिब्रू ९:२७ पढ्नुहोस्। भविष्यको न्याय हुनैपर्छ र त्यो अवश्य हुनेछ! किन? किनभने यो पृथ्वीको जीवन निष्पक्ष छैन (भजन ७३:२-२० पढ्नुहोस्)। असल मानिसहरूले दु:ख भोग्छन्, उदार मानिसहरूलाई शोषण गरिन्छ, राम्रा मानिसहरूलाई त्रसित पारिन्छ अनि गरिबहरूलाई लुटिन्छ। त्यसैगरी यसको विपरीत कुराहरू पनि हुन्छन्! यदि परमेश्वर भलो, प्रेमिलो र शक्तिशाली हुनुहुन्छ भने, कसरी उहाँले संसारमा यस्ता अन्यायपूर्ण कुराहरू हुन दिनुहुन्छ? यसको साधारण उत्तर यही हो, कि परमेश्वर असल अनि सर्वशक्तिमान् हुनुहुन्छ र उहाँले ब्रह्माण्डमा न्याय पुनर्स्थापित गर्नुहुनेछ! उहाँले आफ्नो अन्तिम र अनन्त न्याय गर्नुहुँदा यो काम गर्नुहुनेछ! परमेश्वरले अविश्वास, अधार्मिकता र बेवास्ताको हरेक ढाँचामा नरकको अनन्त आगोद्वारा दण्ड दिनुहुनेछ (प्रकाश २१:८)। त्यतिबेला ती मानिसहरू परमप्रभुको महिमित उपस्थिति र शक्तिबाट अलग गरिनेछन् (२ थेसलोनिके १:९)। उक्त अन्तिम न्यायमा मानिसहरूले किन अनन्त दण्ड अथवा अनन्त जीवन प्राप्त गर्छन् भन्ने कुरा परमेश्वरले तिनीहरूलाई प्रकट गर्नुहुनेछ (मत्ती २५:४६)। यी सबैलाई छोटकरीमा भन्नुपर्दा, मानिसहरूले अन्तिम न्याय हुनेछ भनी जानेको अथवा मानिलिएको कारणले गर्दा दु:ख भोग्छन्!

- **पाप र दु:ख-कष्टबीचको सम्बन्ध।**

हरेक मानिस केही ठूलो पूर्णताको भाग हो। ऊ परिवारको, बस्ने ठाउँको, मण्डलीको, काम-व्यवसायको, राष्ट्रको र सम्पूर्ण मानवताको भाग हो। त्यही कारणले गर्दा निम्नलिखित कारणहरूमध्ये कम्तीमा एकले गर्दा मानिसले दु:ख भोग्छ:

- आफ्नै पापहरूको कारणले गर्दा (रोमी ३:२३; ६:२३क; गन्ती १२:१-१०)
- अरूहरूको पापको कारणले गर्दा (२ शमूएल २४:१५-१७; रोमी ५:१२)
- उसको आफ्नै राष्ट्रको कारणले गर्दा (१ शमुएल ५:१-६)
- सम्पूर्ण मानवजातिको भाग भएको कराणले गर्दा (उत्पत्ति ६:५-६; रोमी ५:१७-१९)
- दुष्टको खराब योजनाहरूको कारणले गर्दा (मत्ती १२:२२; लूका १३:१६)
- परमेश्वरको असल योजनाको कारणले गर्दा (यूहन्ना ९:१-३)

छोटकरीमा भन्नुपर्दा, मानवीय दु:ख-कष्टको कारण, हरेक मानिस अधोगतितरि गइरहेको मानवजातिको भाग भएकोले हो।

---

१ पत्रुस २:२१-२२

प्रश्न ४ - असल काम गर्दा दु:ख भोग्नुपर्दा, इसाईहरूको कसरी प्रतिक्रिया जनाउनुपर्छ?

टिप्पणी - संसारमा हेर्ने हो भने, मानिसहरूले दु:ख भोग्नुपर्दा, प्राय: तिनीहरूले खुल्लारूपमा विद्रोह अथवा हिंसाद्वारा प्रतिक्रिया जनाउँछन्। तिनीहरू आफ्नो 'मानव-अधिकार'मा खडा हुन्छन् र तिनीहरूले ती हक-अधिकारलाई बाइबलको परमेश्वर अथवा परमेश्वरको वचनको सन्दर्भबिना नै व्याख्या गर्छन्। कामदारहरूले स्थापना गरेको 'मजदूर सङ्गठन'ले तिनीहरूको सदस्यहरूलाई हडताल गर्न आग्रह गर्छन् अनि हिंसात्मक तरिकले हडताल गर्न नचाहने कामदारहरूलाई तिनीहरूले जबरजस्ती गर्छन्। अथवा तिनीहरूले मालिकको सम्पत्तिहरू नष्ट गरेर शक्ति प्रदर्शन गर्दछन्। रोजगारदाताहरूले चाहिँ तिनीहरूको भ्रष्ट काममा सहभगी हुन नचाहने कामदारहरूलाई जागिरबाट निकालिदिन्छन्। परिवारहरूले कानुन आफ्नो हातमा लिई अरू कसैको हत्या गर्ने गर्छन् (honour killling). त्यस्ता स्वतन्त्रताको लागि लड्ने भनाउँदाहरूले मुलुकमा 'स्वतन्त्रता र प्रजातन्त्रको' बहानामा गृहयुद्ध मच्चाउँछन्। तर तिनीहरू शक्तिमा आएपछि (धार्मिक) राज्य खडा गरी अरू धर्महरका मानिसहरू र अल्पसङ्ख्यक जातिहरूलाई दबाउँछन्। यसरी प्राय: गैर-इसाईहरूले अन्यायको लागि अझ धेरै

अन्यायद्वारा प्रतिक्रिया जनाउँछन्। तिनीहरूले "आँखाको साटो आँखा अनि दाँतको साटो दाँत" भन्ने व्यवस्थामा विश्वास गर्छन् (मत्ती ५:३८)।

इसाईहरूले अन्यायप्रति कसरी प्रतिक्रिया जनाउनुपर्छ त? येशूले भन्नुभयो, "धन्य धार्मिकताको निम्ति सताइनेहरू, किनभने स्वर्गको राज्य तिनीहरूको हो" (मत्ती ५:१०)। प्रेरित पावल अन्यायको विरुद्धमा खडा भए (प्रेरित २३:१-५)। प्रभु येशू ख्रीष्ट सत्य बोल्न खडा हुनुभयो, तर उहाँलाई झूटो आरोप लगाउँदाचाहिँ उहाँ चुपचाप रहनुभयो (मर्कूस ११:१५-१७; मर्कूस १४:६०-६२; मर्कूस १५:१-५)। प्रेरित पावल भन्दछन्, "यसैको निम्ति तिमीहरू बोलाइएका हौ। ख्रीष्टले पनि तिमीहरूका निम्ति कष्ट भोग्नुभयो, अनि तिमीहरूका लागि एउटा उदाहरण छोडिजानुभयो, र तिमीहरू उहाँकै पाइलामा हिँड्नुपर्छ। उहाँले कुनै पाप गर्नुभएन, र उहाँको मुखमा कुनै छलको कुरा पाइएन। तिनीहरूले उहाँलाई अपमान गर्दा उहाँले साटो फेर्नुभएन। दु:ख भोग्नुहुँदा उहाँले धम्की दिनुभएन। तर उचित न्याय गर्नुहुनेमाथि उहाँले भरोसा राख्नुभयो" (१ पत्रुस २:२१-२३)। इसाईहरूले येशू ख्रीष्टको पाइला पछ्याउनैपर्छ। आफू पक्राउ पर्दा, उहाँले आफ्नो विरोधीहरूलाई स्वर्गको सेनाहरूको धम्की दिनुभएर, तर त्यसको सट्टामा अति जोशिलो हुने आफ्नै चेलालाई हप्काउनुभयो (मत्ती २६:५१-५४)। आफू सहिद हुने बेलामा, मानिसहरूले उहाँलाई थुके र काँडाको मुकुट टाउकोमा लगाइदिए, मानिसहरूले उहाँको टाउकोमा लट्ठीले हिर्काए, तर उहाँले तिनीहरूलाई केही पनि भन्नुभएन (मत्ती २७:२६-३१)।

त्यो 'निष्क्रिय प्रतिरोध थिएन[11]! येशूले अन्यायको विरुद्धमा काम गर्नुभयो। उहाँले न्याय गर्ने काम परमेश्वर पितालाई सुम्पनुभयो, जसले ठिकसँग न्याय गर्नुहुन्छ (१ पत्रुस २:२३)। यशूले हरेकपल्ड अन्याय भोग्नुहुँदा, उहाँले प्रार्थना गर्नुभयो र आफ्नो मुद्दा परमेश्वरमा सुम्पनुभयो। परमेश्वरसँग मात्र न्याय गर्ने र दण्ड दिने हक छ। यस्तो लेखिएको छ, "बदला लिने काम मेरो हो, म नै बदला लिनेछु" (रोमी १२:१७-२१)। परमेश्वरले आफ्नो समयमा प्रत्येक देशको भ्रष्ट राजनैतिक नेताहरू, पक्षपाती न्यायाधीसहरू र भक्तिहीन धार्मिक अगुवाहरूको न्याय गर्नुहुनेछ। त्यही कारणले गर्दा येशूले मानव चोला लिनुहुँदा, अधिकार आफ्नो हातला लिएर मानिसहरूलाई धम्की दिनु र तिनीहरूसँग बदला लिन आवश्यक थिएन! बरु उहाँले दु:ख भोग्नुहुँदा आफ्ना सत्रुहरूको निम्ति प्रार्थना गर्नुभयो (लूका २३:३४; लूका ६:२७-२८ सँग तुलना गर्नुहोस्)।

चरण ४ - लागू गर्नु **प्रयोगहरू**

ध्यान दिनुहोस् - यो खण्डमा भएका कुन सत्यताहरूलाई इसाईहरूको जीवनमा प्रयोग गर्न सम्भावना छ?
सिकेको कुरा बाँड्नुहोस् र लेख्नुहोस् - एकले अर्को व्यक्तिलाई दिमाग खियाउन लगाऔँ र १ पत्रुस २:११-२५ बाट सम्भावित प्रयोगहरूको सूची बनाउनुहोस्।
ध्यान दिनुहोस् - यहाँ भएका प्रयोगहरूमध्ये कुन प्रयोग परमेश्वरले तपाईंको लागि व्यक्तिगत प्रयोग बनाउन चाहनुहुन्छ?
लेख्नुहोस् - उक्त व्यक्तिगत प्रयोगलाई नोटबुकमा लेख्नुहोस्। आफ्नो व्यक्तिगत प्रयोगलाई स्वतन्त्रसाथ समूहमा बाँड्नुहोस्। (हरेक समूहका मानिसहरूले फरक-फरक सत्यताहरू पत्ता लगाउनेछन् अथवा तिनीहरूले उही सत्यताबाट फरक-फरक प्रयोगहरू बनाउन सक्छन् भन्ने कुरा याद गर्नुहोस्। केही सम्भावित प्रयोगहरूका सूची यहाँ राखिएको छ।)

१ पत्रुस २:११-२५ बाट निकालिएका केही सम्भावित अनुप्रयोगहरू:

२:११ पापमय अभिलाषाहरूबाट अलग रहन गाह्रो हुनसक्छ किनभने यो तपाईंको प्राणविरुद्धको लडाइँ हो भन्ने कुरा याद राख्नुहोस्। अनैतिक यौन चाहनाहरू, आफूप्रति केन्द्रित सोच, स्वार्थपना, स्वधार्मिकपना र भौतिक कुराहरूको लोभ, समाज अथवा परिवारमा उच्च स्थान र पद अनि ख्यातिजस्ता कुराहरू पापमय अभिलाषाको उदाहरणहरू हुन्। तपाईंको भएका आफ्नै पापमय अभिलाषाहरूको विरुद्धमा लडाइँ गर्नु पीडादायक प्रक्रिया हुनसक्छ! तर त्यसको इनामचाहिँ पवित्रता र धार्मिकताजस्ता कुराहरू हुन्!

२:१२ यो कुरा याद राख्नुहोस्, कि अविश्वासीहरू र अरू धर्मका मानिसहरूले तपाईं इसाई हुनुभएकोले, येशू ख्रीष्टको आराधना गरेकोले र इसाई जीवनशैलीअनुसार जिएकोले तपाईंलाईलाई सतावट दिन सक्नेछन्। तर यदि तिनीहरूका माझमा तपाईंले निरन्तर असल कामहरू गर्नुभयो भने (लूका ६:२७-२८), एक दिन ती मानिसहरू परिवर्तन हुन सक्नेछन् (हितोपदेश १६:७) र परमेश्वरको महिमा गर्न सक्नेछन्।

[11] गान्धीले गर्नुभएको निष्क्रिय प्रतिरोध

२:१३-१५ परमेश्वरको नजरमा सही हुने हरेक कुरामा इसाईहरूलाई दमन गर्ने सरकारको अधिनमा रहनुहोस्। परमेश्वरको नजरमा जे असल छ, सो निरन्तर गर्नाले अन्तमा तपाईंले तिनीहरू मूर्ख कुरालाई चूप लगाउन सक्नुहुनेछ।

२:१६ स्वतन्त्र मानिसहरूझैँ जिउनुहोस्, जसको मतलब पापको शक्तिबाट स्वतन्त्र भएका मानिसहरूझैँ जिउनु र इसाई विरोधी अत्याचारी सरकारको अधिनमा रहनुपरे पनि परमेश्वरबाट क्षमा पाएको मानिसझैँ जिउनु हो। स्वतन्त्र मानिसहरूझैँ जिउनुहोस्, जसको मतलब घृणा, बदला, धम्की, झूट र अन्यायबाट स्वतन्त्र भएर जिउनु हो।

२:१७ हरेकलाई उचित सम्मान गर्नुहोस्, यहाँसम्म कि दमनकारी र इसाई विरोधी शासकहरूलाई पनि सम्मान गर्नुहोस्। हरेक स्थानीय मण्डलीका इसाईहरूलाई उचित सम्मान देखाउनुहोस्; विशेषगरी सतावटमा पर्दा र दु:ख भोग्दा तिनीहरूलाई प्रेम गर्नुहोस्। बाइबलमा आफूलाई प्रकट गर्नुहुने एकमात्र परमेश्वरको डरमा बसेर उहाँप्रति उचित सम्मान देखाउनुहोस्; विशेषगरी येशू ख्रीष्टमा विश्वास गरेकोले सतावट भोग्दा उहाँप्रि सम्मान देखाउनुहोस्। आफ्नो देशको सबै नियम-कानुनहरू पालना गरेर सरकारलाई उचित ढङ्गले सम्मान गर्नुहोस्। प्रत्यक्ष बाइबलको विरोध गर्ने शासकहरूलाई पनि स्वीकार गर्नुहोस्।

२:१८-१९ यदि तपाईं गैर-इसाई मालिकको कामदार हुनुहुन्छ भने, सोचबुझका साथ बाइबलसँग विरोधाभास नहुने हरेक कुरामा उसलाई सम्मान गर्दै उप्रति समर्पित हुनुहोस्। यदि उसले तपाईंप्रति कठोर व्यवहार गर्छ भने उक्त कठिन परिस्थितिमा परमेश्वरप्रति सचेत हुँदै अन्याय सहेको र दु:ख भोगेकोमा उहाँले तपाईंको सराहना गर्नुहुनेछ।

२:२१-२३ परमेश्वरले सबै इसाईहरूलाई दु:ख भोग्नको निम्ति बोलावट दिनुभएको छ भन्ने कुरा कहिल्यै नबिर्सनुहोस्! परमेश्वरको नजरमा जे असर र ठिक छ, त्यसको निम्ति सतावट भोग्न तपाईंलाई उहाँले बोलाउनुभएको छ। जसरी येशू ख्रीष्टले दु:ख-कष्टप्रति प्रतिक्रिया जनाउनुभयो, त्यसरीनै तपाईंले पनि दु:ख-कष्टप्रति प्रतिक्रिया जनाउन उहाँले तपाईंलाई बोलाउनुभएको छ। अरूले तपाईंलाई गरेको गल्तीप्रति कहिल्यै बदला नलिन परमेश्वरले तपाईंलाई बोलाउनुभएको छ! अरूको कारण तपाईंले दु:ख भोग्दा तिनीहरूलाई कहिल्यै धम्की नदिनको निम्ति उहाँले तपाईंलाई बोलाउनुभएको छ! तपाईंको आफ्नै कठिन परिस्थिति अथवा तपाईंलाई दु:ख दिने मानिसहरूको न्याय गर्ने परमेश्वरले तपाईंलाई बोलावट दिनुभएको छैन! तपाईंको हरेक कठिन परिस्थितमा ठिकसँग न्याय गर्नुहुने परमेश्वरमा भर पर्नको निम्ति उहाँले तपाईंलाई बलाउनुभएको छ! परमेश्वरले इसाईहरूलाई दु:ख भोग्न बोलाउनुभएको छ र आफूले भोगेका दु:ख-कष्टप्रति कसरी प्रतिक्रिया जनाउनुपर्छ भनी उहाँले तिनीहरूलाई स्पष्ट आज्ञा दिनुभएको छ!

१ पत्रुस २:११-२५ बाट निकालिएका केही व्यक्तिगत अनुप्रयोगका उदाहरणहरू:

म येशू ख्रीष्टले भोग्नुभएको दु:ख-कष्टको उदाहरणलाई पछ्याउन चाहन्छु। मानिसहरूले हरेकपटक मेरो बदनाम गर्दा, तिनीहरूसँग बदला लिनुको सट्टामा म तिनीहरूलाई आशिष् दिन र तिनीहरूको भलाइ गर्न चाहन्छु। मानिसहरूको व्यवहारले गर्दा मैले दु:ख पीडा भोग्नुपर्दा, म उक्त पीडाबाट टाढा भाग्नेछैन, तर त्यसको मुनि रहेर सहनेछु।

आफूले किन दु:ख भोग्दैछु भन्ने कारणहरूप्रति म ध्यान दिन चाहँदिनँ, तर मेरो जीवनमा परमेश्वरको दृष्टिमा के ठिक छ, सो गरेकोले त्यसबाट आउने असल नतिजाहरूप्रति म ध्यान दिन चाहन्छु।

चरण : ५ - प्रार्थना	**प्रतिक्रिया**
१ पत्रुस २:११-२५ मा परमेश्वरले सिकाउनुभएको एउटा सत्यताको लागि हामी सबै पालैपालो प्रार्थना गरौँ। (यो बाइबल अध्ययनमा तपाईंले के सिक्नुभएको छ भनी तपाईंको प्रार्थनामा परमेश्वरलाई प्रतिक्रिया दिनुहोस्। प्रार्थना एक वा दुई वाक्यहरूमा मात्र गर्ने अभ्यास गर्नुहोस्। हरेक समूहका मानिसहरूले फरक-फरक विषयहरूका बारेमा प्रार्थना गर्नेछन् भन्ने कुरा याद गर्नुहोस्।	

५	**प्रार्थना** (८ मिनेट)	**अन्तरबिन्ती प्रार्थना** **अरूहरूको लागि प्रार्थना गर्नुहोस्**

दुई-तीन जनाको समूहमा बसेर प्रार्थना गर्नुहोस्। एकले अर्काको निम्ति र संसारका मानिसहरूका निम्ति निरन्तर प्रार्थना गर्नुहोस्। (रोमी १५:३०; कलस्सी ४:१२)।

६	**गृहकार्यको तयारी** (२ मिनेट) **अर्को पाठको निम्ति**

(समूहको अगुवा - समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेखेको कागज दिनुहोस् अथवा उनीहरूलाई यो लेख्न लगाउनुहोस्।)

१. प्रतिवद्धता - चेलाहरू बनाउने काममा प्रतिवद्ध हुनुहोस्।

अर्को व्यक्तिसँग अथवा मानिसहरूको समूहमा १ पत्रुस २:११-२५ बाट प्रचार गर्नुहोस्, सिकाउनुहोस् अथवा बाइबल अध्ययन गर्नुहोस्।

२. परमेश्वरसँग व्यक्तिगत समय - अय्यूब १, २, १२ र १४ को आधा अध्यायबाट प्रत्येक दिन परमेश्वरसँग व्यक्तिगत समय बिताउनुहोस्। मन पर्ने सत्यता पत्ता लगाउने विधि प्रयोग गर्नुहोस्। टिप्पणी बनाउनुहोस्।

३. पद कण्ठ गर्नुहोस् - (४) दिनु - २ कोरिन्थी ९:६-७

आफूले कण्ठ गरेका पाँच बाइबल पदहरू दैनिक पुनरवलोकन गर्नुहोस्।

४. प्रार्थना - कुनै व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्नुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।

५. चेलाहरू बनाउने तपाईंको नोटबुक अद्यावधिक बनाउनुहोस्- तपाईंको नोटबुकमा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएका कुराहरू, बाइबल पद कण्ठ गरेको कुराहरू, बाइबल अध्ययन गर्दको कुराहरू र यो तयारीको कुराहरू लेख्नुहोस्।